Jana Aakash National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष- १७, अंक- ३६ २०८२ साल बैशाख १६ गते मंगलबार (Apr 29, 2025) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## मातातीर्थ औंशीमा मध्यपुर थिमि सहकारीका आमाहरुलाई सम्मान




काठमाडौं- भक्तपुरको मध्यपुर थिमि सहकारीले समाजप्रति उत्तरदायित्व कार्यक्रम अन्तर्गत मातातीर्थ औंशीको अवसरमा आमाहरूको संयुक्त मुख हेर्ने कार्यक्रम सम्पन्न गरेको छ ।

संस्थामा आवद्ध रहेका ६० वर्ष पुगेका आमाहरूलाई पूर्वीय संस्कार अनुसार टिका लगाइदिएर उपहार दिएर सम्मान गरेको हो । जिवित भगवान रुपी आमाहरूको सम्मान, सभ्य समाजको पहिचान नारा दिएर संस्थाले ५७ जना आमाहरूलाई संयुक्त रुपमा सम्मान गरेको संस्थाका सचिव अनिल श्रेष्ठले जानकारी दिनुभएको छ ।

कार्यक्रममा मध्यपुर थिमि नगरपालिका वडा नम्बर ५ का वडाध्यक्ष बालकृष्ण श्रेष्ठले सबै सहकारीलाई एउटै नजरले हेर्न नहुने बताउनु भयो । उहाँले जेष्ठ नागरिक आमाहरूलाई वित्तीय संस्थाहरूमा हालै देखिएको विचलनहरूप्रति सचेत रहन आग्रह गर्नभयो ।

वडाध्यक्ष श्रेष्ठले सामाजिक कार्य गर्दै आएको, वार्षिक साधारण गरेको, आफ्ना सदस्यहरूप्रति जवाफदेही रहेको, सहकारी नीति बमोजिम सन्चालनमा रहेको र स्थानीयबासिन्दाले सञ्चालन गरेको संस्थामा तुलनात्मक रूपमा कम समस्याहरू देखिएको बताउनुभयो ।

सीमित गलत सहकारी संस्थाहरूको कारणले गर्दा सम्पूर्ण सहकारी अभियान नकारात्मक रूपमा प्रभावित भइरहेको उहाँको भनाइ थियो । करिव ३० हजारको संख्यामा रहेका नेपालका सहकारी संस्थाहरु केही गलत नियतले सञ्चालन भएका सहकारीहरूबाट प्रभावित हुनुपरेको तीतो यथार्य रहेको विषयमा कार्यक्रममा चर्चा गरिएको थियो ।

# शिक्षकहरूको जायज माग पुरा गर्न सांसदहरूको माग

■ मोहन कार्की



काठमाडौं- सांसदहरूले काठमाडौंमा प्रदर्शनरत शिक्षकलाई विद्यालय फर्काउने वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको बैठकको आकस्मिक समयमा बोल्दै उनीहरूले शिक्षकको शान्तिपूर्ण प्रदर्शनमा झडपको अवस्था आउनु दुःखद् पक्ष हो भन्दै शिक्षकहरूमाथि गरिएको अभद्र व्यवहार रोकिनुपर्ने धारणा राखे ।

साथै विद्यालय शिक्षा ऐन दिएर शिक्षकलाई विद्यालय फर्कने वातावरण बनाउन पनि सांसदहरूले सरकारसमक्ष माग गरेका छन् । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का संसदहरुले शिक्षकहरूको माग सम्बोधन गर्न सरकारले तदारूकता देखाउनुपर्ने धारणा राखे । उनिहरुले शिक्षकहरूको शान्तिपूर्ण आन्दोलनमा आइतबार प्रहरीले पानीको फोहोरा र लाठी प्रहार गरेर दर्जनौं शिक्षकहरू घाइते भएको घटनाप्रति घोर भर्त्सना गर्दै राज्यले ऐन बनाएर शिक्षकको जायज माग पूरा गर्नुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद सुमना श्रेष्ठले शिक्षकहरूको न्यायोचित माग तत्काल पूरा गर्न सरकारसमक्ष माग गरे । शिक्षकहरूको विरोध प्रदर्शनले बालबालिका विद्यालय शिक्षा पाउनबाट वञ्चित रहेको भन्दै चाँडो शिक्षकहरूलाई विद्यालय फिर्ता पठाउने वातावरण सिर्जना गर्न सरकारको ध्यानाकर्षण गराईन । साथै उनले पत्रकारमाथि भएको आक्रमणको निन्दा गरिन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद रोशन कार्कीले शिक्षकमाथि भएको दमन, पानीको फोहोरा र कुटपिटजन्य घटना दुःखद रहेको भन्दै शिक्षकको माग पूरा गर्न सरकारसमक्ष माग गरे । उनले शिक्षक आन्दोलनका क्रममा पत्रकारमाथि आक्रमण भएको निन्दा व्यक्त गरे । साथै आवासीय चिकित्सकको जायज माग यथाशीघ्र सम्बोधन गर्न पनि माग गरे ।

नेकपा (एमाले) का सांसद सूर्यबहादुर थापा क्षेत्रीले शिक्षक आन्दोलनका क्रममा आइतबार भएको घटनाप्रति दुःख व्यक्त गर्दै यस्ता घटना दोहोरिन नदिन सरकारसमक्ष माग गरे । प्रहरी र शिक्षक दुवै राष्ट्रसेवक भएको जुनसुकै पक्षबाट भएको दमन राम्रो नभएको भन्दै शिक्षकहरूलाई संयमित भएको आफ्ना घोषित कार्यक्रम अगाडि बढाउन तथा सुरक्षाकर्मीलाई पनि संयमित भएर प्रस्तुत हुन ध्यानाकर्षण गराए । उनले विद्यालय शिक्षा ऐनको प्रगतिबारे संसद्लाई शिक्षामन्त्रीले जानकारी गराउन माग गरे ।

समग्रमा शिक्षकहरुको जायज माग पुरा गरेर विद्यार्थीहरुले स्कुलमा गई पढ्ने वातावरण बनाउन संसदहरुले माग गरेका हुन् ।

## युनिटी भ्वाइसका सम्पादक राम खड्का सम्मानित




काठमाडौं- युनिटी भ्वाइसका सम्पादक रामचन्द्र खड्कालाई काठमाडौंमा आयोजित एक बिशेष कार्यक्रम बीच बिशेष नागरिक क्रिसयन सम्मान गरिएको छ ।

व्यावसायिक पत्रकारिताको माध्यमबाट सामाजिक जागरणको क्षेत्रमा योगदान पुर्याएको भन्दै नागरिक क्रियसनले खड्कालाई सम्मान गरेको हो । विगत लामो समय देखी खड्का पत्रकारितामा पेसामा सक्रिय छन् ।

उनीसँगै विभिन्न क्षेत्रमार्फत् समाजमा सकारात्मक परिवर्तनका लागि क्रियाशील समाजसेवी, व्यवसायी, पत्रकार तथा विभिन्न क्षेत्रका माध्यमबाट समाज परिवर्तनमा विशेष योगदान पुऱ्याइरहेका व्यक्तिहरूलाई सम्मान गरेको सस्थाका अध्यक्ष यमबहादुर जिसीले जनाएको छ ।

राजधानीको रास्ट्रिय नाचघर जमलमा बुधबार भएको को उक्त कार्यक्रमको प्रमुख » बाकी ६ पृष्ठमा

## नवलपरासी सुस्ता पश्चिमको झोलुङ्गे पुल जोखिममा

नवलपरासी- पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५ स्थित झोलुङ्गे पुल जोखिममा रहेको छ ।

झोलुङ्गे पुलमा दैनिक क्षमताभन्दा बढी व्यक्ति ओहरदोहर गर्न थालेपछि पुल जोखिममा परेको सुस्ता बचाउ अभियानका उपाध्यक्ष आदम खानले बताए ।


उनले भने, 'क्षमताभन्दा बढी व्यक्ति र मोटरसाइकल कुदाउँदा पुल जीर्ण बनेको छ ।' सम्बन्धित निकायले निगरानी नगर्दा समस्या भएको उनको भनाइ छ ।

नारायणी नदीमा बनेको झोलुङ्गे पुलबाट नदी र त्यस वरपरको मनोरम दृश्य हेर्न उल्लेख्य मात्रामा आन्तरिक पर्यटक आउने गरेका छन् । पछिल्लो समय भारतीय पर्यटकको रोजाइमा समेत सुस्ताको झोलुङ्गे पुल परेको छ ।



पर्यटकका लागि भन्दा पनि सुस्तावासीलाई सहजता प्रदान गर्न पुल निर्माण गरिएको सुस्ता गाउँपालिकाका अध्यक्ष टेकनारायण

» बाकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३६, २०८२ साल बैशाख १६ गते मंगलबार (APR 29, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

# किसानको जिवनमा जहिलेपनि पीडा नहोस् ।

कृषि प्रधान देश भनेर रटाई रटाई पढाउने देश नेपालमा कहिले कृषकले मल पाएनन् भनेर समाचार आउछ । कहिले लगाएको बालीमा असिनाले सखाप भनेर समाचार आउछ । कहिले अनेक प्रकारका रोगहरु बालीमा लागेर किसान निरास भन्ने समाचार पढ्नुपर्छ । कहिले उन्नत जातको मक्कैको बिउ वितरण सरकारले नै गरेको तर घोगा लागेको दाना नलागेको भनेर पढ्नुपर्छ । यो सबै कुराहरु सुन्दा पढ्नुपर्दा सधै किसानहरु निरास हुने वातावरण बनाउन कतै सरकार स्वयम नै त लागेको छैन ? प्रश्न उठाउने ठाउँहरु प्रसस्त रहेका छन् ।

विगत पराम्परागत रुपमा खेती गर्दै आएका नेपाली किसानहरुलाई उन्नत जातको बिउ वितरण गरेर धेरै फल्ने नाममा आत्मनिर्भर भएको देशलाई परनिर्भर बनाउन सरकार स्वयले नै यस्तो काम गर्न लागेको देखिन्छ । नेपालमा विषदीमुक्त कृषि उत्पादन हुदै आएकोमा अचेल धेरै खाद्यन्न उत्पादन गर्ने नाममा विकसीत मलहरु प्रयोग गरेर माटोलाई विगार्ने र रोगहरु उत्पादन गर्ने काम पनि हुन थालेको छ ।

किसानले उत्पादन गरेका कृषिजन्य उत्पादन बजारको राम्रो व्यवस्थापन हुन नसक्दा किसानको जिवन यापनमा समस्या भईराखेको छ । कृषि प्रधान देशमा ठूलो स्केलमा खाद्यन्न, फलफूल, तरकारी उत्पादन गर्ने पकेट क्षेत्र कतै छुट्याएको समाचार अहिलेसम्म सुनिएको छैन । तर कमिशन पाउने हुनाले सित भण्डार भनेर भवन चै बनाउने तर भित्र खाद्यन्न, तरकारी व्यवस्थापन गर्ने मेशिन औजारहरु चै व्यवस्थापन नगर्ने जस्ता चलन देशैभरी छ ।

यस्ता कामहरुले किसानलाई सधै निरासा मात्रा पारेको छ । कृषि प्रधान देशमा झण्डै वार्षिक १ खरब बराबरको कृषिजन्य वस्तु विदेशबाट आयात गरेर उपभोग गर्नुपर्ने बाध्यता नेपालको छ । त्यसैले किसानहरुलाई उत्साह भर्ने काम गरेर नेपालले नेपालीलाई चाहिले खाद्यन्न, फलफूल, तरकारी आत्मनिर्भर बनाउन विशेष कृषि योजना ल्याउनुपर्छ र निरासा बोकेर काम गरिरहेका किसानहलाई प्रोत्साहन भर्ने काम गर्नुपर्छ ।

# संघीय लोकतान्त्रिक गणतन्त्रमा शिक्षक आन्दोलन



**मुक्तिबन्धु**

'विषादप्यमृतं ग्राह्यम् बालादपि सुभाषितम् । अर्थात् विषबाट पनि अमृत लिन सक्नुपर्छ । अबोध ठानिएका बालबालिकाबाट पनि असल कुरा ग्रहण गर्न सक्नुपर्छ ।' -सामान्य नीति । केही हप्ताअघिबाट राजधानीमा शिक्षक आन्दोलन चलेको छ। आन्दोलन त अरु-अरु पनि धेरै चलेका छन् ।

सहकारीपीडितहरुको आन्दोलन, लघुवित्तपीडितहरुको आन्दोलन, राजा आऊ देश बचाऊ भन्नेहरुको आन्दोलन । तीमध्ये लाखौंलाख शिक्षक-शिक्षिकाहरु सम्मिलित शिक्षक आन्दोलन अहिले बढी चर्चाको विषय बनेको छ । सत्तासीनहरुका गैरजिम्मेवार बोलीवचन र व्यवहारले आन्दोलनलाई उत्तरोत्तर चर्किन र लम्बिन सघाएको धेरैले अड्कल काटेका छन् ।

**शिक्षक आन्दोलन पञ्चायतकालमा पनि हुने गर्थे ।**

त्यति बेला त्यो स्वाभाविक पनि थियो । वि.सं. ०३७०३८ मा त राष्ट्रव्यापीरुपमै शिक्षक आन्दोलन भएको थियो । झन्डै ३५-४० दिनसम्म चलेको थियो आन्दोलन । शहरमा यत्रतत्र, व्यवस्थित खुल्ला मञ्चमा भेला भएर निर्धक्कसँग सभा-जुलुस गर्न पाइने सहुलियत थिएन । सरकारका भ्रष्ट आचरणका विरुद्ध सार्वजनिक मञ्चमा खुलेर टीकाटिप्पणी गर्न पाइने छुट पनि थिएन ।

पञ्चायती शासन क्रूर थियो । संविधान निर्दलीय थियो । पेसागत हकहितका माग लिएर शान्तिपूर्वक सडकमा निस्कन पनि शिक्षकले ज्यानको जोखिम बेहोर्नंपर्थ्यो । पञ्चायतका प्रहरीहरु अहिले लोकतन्त्रका प्रहरीजस्ता जुलुसमैत्री थिएनन् । भद्रभलादमी थिएनन् ।

त्यस ताका पुलिसहरु निर्मम थिए । जनताका जुलुसमाथि म्याद सकिएको अश्रुग्यास हान्थे । फोहोर पानीका फोहरा छोड्थे । जनताका टाउका र छाती ताकेर गोली बर्साउँथे । आमा चकारेर गाली दिन्थे । लछारपछार गर्थे । पञ्चायतकालीन सुरक्षाकर्मीहरुमा अहिले लोकतन्त्रमा जस्तो सभ्यता, शिष्टता र मैत्रीपूर्ण व्यवहार गर्ने चलन थिएन । पञ्चायतका प्रहरीहरु लोकतन्त्रका प्रहरीजस्ता सभ्य र शिष्ट थिएनन् ।

सरकारका अन्याय, अत्याचारविरुद्ध सुटुक्क बोल्न भित्ताले सुन्ला भनी डराउनुपर्ने पञ्चायती शासनका काला दिनहरुमा पेसागत हकहितका नारा उराल्दै आन्दोलन बनेर शिक्षक-शिक्षिकाहरु सडकमा उत्रनु ख्यालठट्टाको कुरा थिएन । तर पनि निर्भीकताका साथ आन्दोलनमा उत्रेका थिए । तानाशाही राज्यव्यवस्था उक्काएर फ्याँक्नुपर्छ भन्ने चेतना बोकेका त्यति बेलाका राजनीतिसचेत शिक्षक-शिक्षिकाहरुलाई राज्यले दाहोरो भूमिकामा देख्थ्यो र बढी दमन गर्न तम्सन्थ्यो । शिक्षकहरुका माग नितान्त पेसागत थिए । खोट लाउने ठाउँ थिएन ।

यद्यपि शिक्षक-शिक्षिकाहरु जुलुसमा क्रान्तिकारी गीत पनि गाउँथे । अभिव्यञ्जनात्मक नाचहरु पनि नाच्थे । ठाउँ पाए, समयले भ्याए छोटा सडक नाटक पनि मञ्चन गर्थे । कविता पनि सुनाउँथे । पक्राउ परेर प्रहरी खोरमा यातना झेल्नुपर्दाका क्षणहरुमा पनि शिक्षकहरु गीत गाउँथे । हाँसखेल, ख्यालठट्टा गर्थे । यसबारे पञ्चायती प्रधानमन्त्री, मन्त्री कसैले सार्वजनिक मञ्चमा उभिएर नाक नचाउँदै खिसीट्युरी गरेको कहिल्यै सुनिएन । शिक्षकहरु आन्दोलनकारी मात्र थिएनन्, गुरु पनि त थिए । चेलाचेलीहरुका दिलदिमागमा भएका अज्ञानका अन्धकारलाई ज्ञानको उज्यालोले बढारेर झलमल्ल पारिदिने गौरवशाली दायित्वबोध पनि त थियो गुरु-गुरुमाहरुमा ।

सम्भवतः यसै कारण गुरु भनेपछि पञ्चायती शासक-प्रशासकहरु पनि जथाभावी बोल्न हच्कन्थे । त्यस शिक्षक आन्दोलन ताका प्रधानमन्त्री थिए सूर्यबहादुर थापा । जालझेलमा कुख्यात । त्यस्ता प्रधानमन्त्री पनि एकपटक संयोगवश इन्द्रचोकमा शिक्षक जुलुससँग जम्काभेट हुँदा जुलुसको नेतृत्व गर्दै अघि-अघि हिँडेका जुद्धोदयका पूर्वप्रधानाध्यापक रामजीप्रसाद गुरुसँग विनम्र आवाजमा नमस्कार गुरु भन्दै झुकेका थिए । खतरनाक पञ्चायती शासकहरुसँग पनि गुरुलाई अपमानित गर्ने हिम्मत थिएन । अगाडि पर्दा नतमस्तक हुन्थे ।

अहिले मुलुकमा विगतको तानाशाही पञ्चायती राज्यव्यवस्था छैन । त्यति बेलाका जस्ता पश्चगामी मन्त्री, प्रधानमन्त्री छैनन् । मुलुकमा अँध्यारो हटाएर उज्यालो ल्याउनका लागि जेलनेल बेहोरेर आएका त्यागी, तपस्वी, देशभक्त, जनवादी प्रधानमन्त्री-मन्त्री छन् । लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था छ । सुकोमल सुगन्धित फूलैफूलले बनेको समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक संविधान छ । कानुन छ । कानुनको राज छ ।

सुशासन, समृद्ध नेपाल, सुखी नेपालीजस्ता शब्दहरु प्रधानमन्त्रीका मुखैमा बास बसेका छन् । यस्तो स्वर्णिम अवस्थाको व्यवस्था छ । तर पनि मुलुकका शिक्षक-शिक्षिकाहरु पेसागत हक-अधिकारका लागि पहिलेजस्तै अहिले पनि आन्दोलनमा छन् । अनगिन्ती दुःखकष्ट बेहोर्दै सडकमा छन् । अचम्म लाग्छ । पञ्चायतकालमा पनि आन्दोलन शिक्षक-शिक्षिकाहरुको रहर थिएन । अहिले पनि आन्दोलन रहर होइन । बाध्यता नै हो । शिक्षक भएर पढाइआएकालाई थाहा हुन्छ, शिक्षणकर्म राजनीतिक फट्याइँ होइन । सुखसयलको विलासलीला होइन । नयाँ नेपाल निर्माणको गुरुत्तर जिम्मेवारी हो शिक्षण कर्म । मेहनतको काम हो ।

**समय बदलिएको छ ।**

आवश्यकता र आकांक्षाहरु बदलिएका छन् । पटक-पटक आन्दोलन भएर दुई-दुईपटक त संविधान बदलिइसक्यो । शिक्षा क्षेत्रमा भने ०२८ सालको पञ्चायती ऐन आज पनि कायम छ । अक्षरहरुलाई न्याय दिनेजस्तो प्राज्ञिक काम पनि निरक्षर राजनीतिज्ञहरुका हातमा पुऱ्याएर छोडिदिने परम्परा आज पनि कायमै छ । बडेमानको यो सङ्घीय गणतान्त्रिक लोकतन्त्रको जनवादी शासन व्यवस्था आएर पनि संसद्बाट समयानुकूल शिक्षा ऐन बनाउन सकिएको छैन । व्यस्त सदनले भ्याएकै छैन । तै-तै नेताहरु दृष्टिहीनरुपमै अग्रगामी छन् र लाज मानेका छैनन् । नत्र सत्ताका धुरीमा उभिएर खैंजडी नाचसहित आत्मप्रशंसाको भजन गाउन सक्ने थिएनन् ।

दुःखको कुरा, लोकप्रिय डा. सन्दुक रुइतले धेरै-धेरै मान्छेलाई आँखा दिनुभयो । राष्ट्रिय, अन्तर र्राष्ट्रिय धेरै पुरस्कार पाउनुभयो । आफ्नै मुलुकको दृष्टिविहीन राज्यसत्तालाई भने नेपाल र नेपालीको अवस्था देख्ने आँखा दिन सक्नुभएको पाइएन । नेपालको गणतान्त्रिक राज्यसत्ता जन्मजातरुपमै नेत्रहीन थियो कि ? इतिहासले उत्तर खोजेको छ ।

आज मुलुकको ढुंगामाटोले पनि प्रश्न गर्न थालेको छ, जनतासँग छलफल नगरीकन मनोगतरुपमा कुँदिएका प्रावधानका आडमा देश र जनताका भाग्य, भविष्य कुल्चँदै शिक्षा व्यवस्थालाई भीरका टुप्पामा पुऱ्याइनुको जिम्मेवार को ? शिक्षक-शिक्षिकालाई कुनै न कुनै दलमा दर्ता नभई हलचल गर्न नसक्ने बनाइनुको जिम्मेवार को ? देशको माटो र बाटो नचिनेका शिक्षित मूर्खहरुलाई पाठ्क्रम र पाठ्यसामग्री निर्माणको ठेकेदार बनाएर मुलुकको शैक्षिक भविष्य नै अस्तव्यस्त बनाइनुको जिम्मेवार को ? मुलुकको शैक्षिक कार्यक्रममाथि विश्वास हराएर मुलुकबाट प्रतिवर्ष लाखौंको संख्यामा विद्यार्थीहरु विदेश पलायन हुने अवस्था बनाइनुको जिम्मेवार को ? मुलुकको समग्र शैक्षिक अवन्नति र एसईईमा ५२ प्रतिशत विद्यार्थी अनुत्तीर्णताको वास्तविक जिम्मेवार को ? प्रश्नहरु गम्भीर छन् र उत्तरापेक्षी छन् ।

आजको सङ्घीय गणतान्त्रिक लोकतान्त्रिक राज्यव्यवस्था सञ्चालन गरिआएका कसैले वा सबैले जनताको शैक्षिक भविष्यको पूर्ण समाप्ति परिकल्पना गरेका थिए भने त्योचाहिँ राम्रोसित सम्पन्न भएकै छ । अन्यथा यस अवस्था विशेषमा सरकार आफैंले हलो अड्काएर गोरु कुट्न त मिलेन नि, हैन र ? अपराध हुन्छ राजनीति गर्नेहरुको । नसिहत बज्रन्छ शिक्षक-शिक्षिकाका थाप्लामा । तिनले न्याय खोज्न कहाँ जाने ? सबैतिर सुनील प्रजापति, बालन, हर्क र गोपी हमालजस्ता देश र जनतालाई माया गर्ने सच्चा जनप्रतिनिधि त छैनन् नि । कक्षा २ सम्म उक्लेका र साउँअक्षरसँग राम्ररी चिनाजानी गर्नै नभ्याएका निख्खरा नेतानुचर बिचराहरु पनि राजनीतिमा छन् । तिनले विद्यालय कसरी बुझ्ने ? कसरी दिने न्याय ?

घिसिङलाई घँचेटेर शाक्यलाई ढसमस्स पार्ने र जनताको उज्यालोलाई सत्ताका बिचौलियाहरुको व्यापारिक खेल मैदान बनाइदिने जस्ता नातामुखी अभ्यासको निरन्तरता रहेको आजको सत्ता-संस्कृतिमा खाइखेलिरहेका दलहरुको दलदल राजनीतिमा दूरुदराजका शिक्षक-शिक्षिकाले मार्गदर्शन तथा प्रेरणा लिने कसबाट ? आफ्नो योग्यता, क्षमता र मेहनतको मूल्याङ्कन पाउने कसरी ? जनताले ज्यान दिएर दुई-दुईपटकसम्म राजनीतिक व्यवस्था फेरिए । यसबीच विधायकहरुकै तलवभत्तामा अर्बौं खर्च भइसक्यो । ५४ वर्ष यसै बितिसके ।

एउटा शिक्षा ऐन पनि बन्न सकेन । जन्मबाट ५८ वर्षमा त सेवानिवृत्त भइन्छ । कति त भौतारिँदैमा निवृत्त भइसके । यति भयङ्कर लोकतान्त्रिक गणतन्त्रमा शिक्षकहरुको यो अवस्थालाई देश र जनताप्रति राज्यले गरिआएको अपहेलना र बेवास्ताको सर्वाधिक अग्लो ओली टावर यही हो भनेर गौरव गर्ने हो कि ? टावर त पक्कै हो । यसबाट धेरै उज्याला सम्भावनाहरु अँध्यारोमा हाम फालेर इतिहासका सुस्केरा बनिसकेका छन् । बन्दै छन् । यसको हिसाब सरकारले नराखे पनि जनताले त राखेका हुन सक्छन् ।

**हरेक अनुशासनको आधारभूमि शिक्षा हो ।**

शिक्षाले नै मुलुकलाई प्रगतिमा माथि उठाउँछ र महान् बनाउँछ । मुलुकको भाग्य, भविष्यको स्थापत्य थाम्ने स्तम्भहरुको सुव्यवस्थित तारतम्य हो शिक्षाव्यवस्था । यसै खम्बामा किसिम-किसिमका राजनीतिक धमिराहरु सल्केपछि यो कमजोर हुनु र ढल्नु पनि अस्वाभाविक हुनेछैन । विभिन्न बाध्यतावश आफै दल-दलका दल-दलमा फसे पनि मुलुकका शिक्षक-शिक्षिकाहरु नै हुन् जसले आजका यी तमाम विकृति-विसंगतिहरुसँग जुधेर गाउँबस्ती, शहर, टोल-टोलका बालबालिकालाई जसोतसो शिक्षण सिकाइमा जुटाइआएका छन् ।

अनिकालका बीउ बनिसकेका यी शिक्षक-शिक्षिकाहरुको पनि पीरमर्का नबुझ्नु, भाव-संवेदना नबुझ्नु, सत्ताका माचमा उभिएर यिनैलाई तथानाम गाली दिनु अलिकति पनि शिक्षणसम्बन्धी जानकारी र विवेक भएका शासकहरुलाई सुहाउने कुरा हैन । सत्ताको माचमा उक्लेपछि प्रभुताको अहङ्कार प्रदर्शन गर्नै पर्छ, जसरीतसरी बोल्नै पर्छ भन्ने छैन । बरु नजानेका कुरामा नबोल्दा धेरथोर इज्जत कायम रहन्छ । यो महामहिम, माननीय, सम्माननीयहरुको निरपेक्ष्य आलोचना होइन, जनसाधारणको सापेक्ष्य गुनासो हो ।

आज विद्यालय शिक्षण क्षेत्रमा विगत पाँच दशकदेखि थिग्रँदै आएका पेसागत हकहितका समस्या छन् । तीव्र दलीयकरणले हुर्काएका समस्याहरु पनि छन् । यी समस्या विभिन्न राजनीतिक दल-दलमा परेका दलका दलसिङहरुले समाधान गर्दैनन् वा गर्न सक्दैनन् भने गुनासो गर्ने केन्द्रीय सरकारसितै हो । सुन्नुपर्ने कानले नसुनेपछि सबैले सुन्ने गरी चिच्याउन शिक्षक-शिक्षिकाहरुले उत्रनुपर्ने राजधानीको सडकमा नै हो ।

सत्तामा सवार महामहिमहरु, हामी विनम्रतापूर्वक भन्छौं- जनताका आवाजहरु सुन्नुहोस् । तपाइँ जतिसुकै विद्वान् हुनुस्, जतिसुकै लाठालाठी र विकसित शस्त्रास्त्रले सुसज्जित भएर सत्ताका मदोन्मत्त हात्तीका पीठमा हौदा कसेर सवार हुनुहोस्, आफूलाई जतिसुकै अजेय नायक ठान्दै हौसिएर महामानव ठान्न खोज्नुहोस्, तपाईं जनताभन्दा अग्लो र जनताभन्दा शक्तिशालीचाहिँ होइन । तपाइँ चढेको सत्ता जनताले दिएको हात्ती हो । घमण्ड नगर्नुस्, गर्जेर नबोल्नुस् । सक्नुहुन्छ भने जनतासँग मिलेर शिक्षालगायत मुलुकको सर्वांगीण प्रगति अभियानमा सरिक हुनुहोस् ।

एक-दुईवटा सिन्का भाँच्नुहोस् । इतिहासमा तपाईंजस्ता हात्तीमाथि चढेर आफ्नो औकात बिर्सने सत्तामदले उन्मत्त धेरै भए, ती क्षणिक पानीका थोपा थिए, प्रहसन थिए, जनताका स्मृतिमा आज तिनको नामोनिसान बाँकी छैन । जनताले दिएको दायित्वमा जसले गोरुजस्तै खटेर इमानदारीका साथ जनताको सेवा गरे ती जनताका सम्झनामा अजर-अमर भएर चम्किरहेका छन् । मानव सभ्यता तिनैप्रति आभारी छ ।

# सानै उमेरमा धेरै कला भएकी बाल कलाकार साथै बाल गायिका मन्जली तामाङ

काठमाडौं- पछिल्लो समय सामाजिक सञ्जालदेखि मिडियासम्म सबैको ध्यान तान्न सफल भएकी बाल र्‍यापर मन्जली तामाङ नेपाली संगीत क्षेत्रमा उदाउँदो ताराका रूपमा स्थापित हुँदै आएकी छिन् । उमेरले भर्खरै १३ वर्षकी भए पनि उनले देखाएको प्रतिभा, लगनशीलता र आत्मविश्वास अत्यन्त प्रेरणादायी छ ।

मन्जली तामाङले हालसम्म थुप्रै र्‍याप गीतहरू गाइसकेकी छिन्, जसले दर्शक श्रो तामाझ निकै राम्रो स्थान बनाएका छन् । उनका गीतहरूमा सामाजिक सन्देश, बालबालिकाको भावना, तथा समसामयिक मुद्दाहरूलाई सरल भाषामा प्रस्तुत गरिएको पाइन्छ । त्यसैले उनका र्‍यापहरू  रमाइला र सन्देश मुलकछन् ।

र्‍याप मात्र नभई मन्जली लोक संगीततर्फ पनि सक्रिय देखिएकी छिन् । उनले थुप्रै लोकगीतमा स्वर दिएकी मात्र होइन, म्युजिक भिडियोहरूमा अभिनय गरेर दर्शकहरूलाई प्रभावित पार्न सफल भएकी छिन् । उनको अभिनयमा पनि आत्मविश्वास र सहजता देखिन्छ, जुन एक बाल कलाकारको लागि निकै सराहनीय कुरा हो ।




साना बालबालिकादेखि ठूला दर्शकसम्म मन्जलीको कला र व्यक्तित्वप्रति आकर्षित भएका छन् । विभिन्न कार्यक्रममा उनको प्रस्तुति हेर्न दर्शकहरूको भिड लाग्ने गरेको छ । उनले आफ्नो कला यात्रामा थुप्रै बाल सम्मानहरू पनि जितिसकेकी छिन्, जसले उनको मेहनत र क्षमताको प्रमाण दिन्छ ।

नेपाली संगीत क्षेत्रमा यस्ता नव प्रतिभाको उदय हुनु सुखद् संकेत हो । मन्जली तामाङजस्ता कलाकारले भविष्यमा नेपाली सांगीतिक क्षेत्रमा नयाँ उचाइ हासिल गर्न सक्ने छन् ।

सानो उमरे हसेली अनुवार भएकी वाल गायिका मन्जली तामाङ भविष्यमा सबै बिधाका गीत गाएर आफ्नो छुट्टै पहिचान बनाउने, राम्रो गायिकाको रुपमा आफुलाई स्थापित गराउने जन आकाश मिडियाले निर्माण गरेको संगीत खबर कार्यक्रममा  बताउछिन् ।

# फाइभजी रोलआउटमा झनझन् पछि पर्दै नेपाल, यो विकल्प बन्न सक्छ रामबाण




काठमाडौं- भूराजनीतिक दबाब र प्रतिफलको टुंगो नहुँदा फाइभजीको व्यावसायिक सुरुवात अनिश्चित बनिरहेको स्थितिमा सरकारले केही सहुलियत दिए टेलिकम अपरेटरहरु लगानी गर्न तयार बन्न सक्ने देखिएको छ ।

फाइभजी रोलआउट गर्न अबौं लगानी गर्नुपर्ने भएकाले सरकारले स्पेक्ट्रमको प्राइसिङमा सहुलियत दिए यसको विस्तार निकै छिटो हुनसक्ने देखिएको हो ।

सन् २०२५ भित्र देशका ठूला सहरमा फाइभजी रोलआउट गर्न सके त्यसको दुई वर्षपछि देशभर यसलाई विस्तार गर्न सकिने बुझाईमा नेपाल टेलिकम र एनसेल देखिन्छन् ।

नेपाल टेलिकमका अधिकारीहरुका अनुसार फाइभजी डिभाइसको सबैभन्दा धेरै प्रयोग काठमाडौं, पोखरासहितका केही ठूला सहरमा भइरहेको छ ।

त्यसमा पनि काठमाडौं उपत्यकाको हकमा सबैभन्दा धेरै फाइभजी उपकरण प्रयोग हुने स्थानमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, ठमेल, वसन्तपुरलगायतका पर्यटकीय क्षेत्र छन् । पोखरामा भने लेकसाइड क्षेत्र सबैभन्दा बढी फाइभजी डिभाइस पेनिट्रेसन हुने ठाउँमा पर्छ ।

देशैभर एकैपटक फाइभजी रोलआउट गर्न सम्भव छैन । त्यसकारण फोरजी जसरी चरणबद्धरुपमा फाइभजी विस्तार गर्नुपर्ने हुन्छ ।

सम्भावित प्रयोगकर्ता बढी भएका स्थानबाट व्यावसायिक सुरुवात गर्दा टेलिकम अपरेटरहरुले फाइभजीबाट आम्दानी गर्न सक्छन् । काठमाडौं र पोखराका झण्डै ६० वटा साइट (बीटीएस टावर)मा १५ प्रतिशतभन्दा बढी फाइभजी स्मार्टफोन पेनिट्रेसन रहेको बुझिएको छ ।

फाइभजी चलाउन सबैभन्दा उपयुक्त दुईवटा स्पेक्ट्रम मानिन्छ । २६०० मेगाहर्ज र ३५०० मेगाहर्ज ब्यान्ड । तर, नेपालको हकमा २६०० मेगाहर्ज फाइभजीका लागि उपयुक्त हुने टेलिकम अपरेटरहरुको बुझाई छ । २६०० मेगाहर्जको स्पेक्ट्रमले फोरजी र फाइभजी दुवै धान्छ । ३५०० मेगाहर्जले भने फाइभजी मात्रै धान्छ ।

व्यावसायिक हिसाबले फाइभजी सुरुआत नभएको र फोरजीको कभरेज पनि शतप्रतिशत नभएको नेपाली बजारमा २६०० मेगाहर्ज ब्यान्डको फ्रिक्वेन्सी उपयुक्त हुने अपरेटरहरुकै बुझाइ छ ।

नेपाल दूरसञ्चार प्राधिकरणले समेत नेपाल टेलिकमलाई फाइभजी परीक्षण गर्न २६०० मेगाहर्ज फ्रिक्वेन्सी उपलब्ध गराएको थियो । तर, व्यावसायिक प्रयोजनका लागि अपरेटरहरु तयार देखिएका छैनन् ।

दुवै अपरेटर नेपाल टेलिकम र एनसेल आम्दानी निरन्तर ओरालो लाग्दै गएकाले पनि ठूलो लगानी गर्न हच्किएका छन् । अपरेटरले आफ्नो खल्तीबाट पैसा लगानी गरेर फाइभजी सुरु गरिहाल्ने स्थिति छैन ।

एनसेल र नेपाल टेलिकमले अहिलेको व्यापारकै आधारमा फाइभजी सेवा ल्याउन नसक्ने सार्वजनिकरुपमै बताइरहेका छन् । ती दुई कम्पनीका अधिकारीहरुका अनुसार फाइभजी विस्तार गर्न तीनदेखि पाँच वर्षभित्र वार्षिकरुपमा न्यूनतम २० अर्ब रुपैयाँ लगानी गर्नुपर्छ । उनीहरुलाई आफ्ना सेवा नियमित गर्नै अहिले वार्षिक ६ अर्ब खर्चिनुपर्ने दबाब छ ।

'कुनै पनि लगानी प्रतिफल हेरेर गरिन्छ,' एनसेलका एक उच्च अधिकारीले भने, 'सरकारबाट कुनै सहुलियत नपाएको अवस्थामा दुवै टेलिकम कम्पनीले फाइभजीमा लगानी गर्ने सम्भावना नै छैन ।'

नेपाल टेलिकमका अधिकारीहरु पनि विश्वभर विस्तार हुँदै गएको दूरसञ्चार क्षेत्रको नयाँ प्रविधिबाट नेपाललाई नछुटाउने हो भने सरकार र नियामक प्राधिकरणले केही ' बोल्ड' निर्णय गर्नुपर्छ भन्छन् । 'फाइभजी सेवा व्यावसायिक उपयोगका लागि छ है भन्ने सन्देश दिन जरुरी छ,' ती अधिकारीले भने ।

दक्षिण एसियामा फाइभजीको व्यावसायिक सुरुवात नगर्ने देश नेपाल र पाकिस्तान मात्रै हुन् ।

**थाइल्याण्ड बन्न सक्छ उदाहरण**

फाइभजीको व्यावसायिक सुरुवात गर्न नेपालका लागि थाइल्याण्डले गरेको अभ्यास उपयुक्त हुन सक्छ । सन् २०२० मा थाइल्याण्डले टेलिकम अपरेटरहरुका लागि स्पेक्ट्रम उपलब्ध गराएर परीक्षण थालेको थियो ।

त्यसको १ वर्षपछि जम्मा ७ प्रतिशत फाइभजी पेनिट्रेसन रहेको थाइल्याण्डमा त्यहाँको सरकारले अपरेटरहरुलाई सेवा विस्तारमा सघायो । जसका कारण अहिले ३० प्रतिशतभन्दा बढी पुगिसकेको तथ्यांक छ ।

थाइल्याण्ड सरकारले स्पेक्ट्रमको प्राइसिङमा सहुलियत दिएकै कारण फाइभजी पेनिट्रेसन छोटो समयमै उल्लेख्य बढ्न पुगेको हो । फाइभजी रोलआउट गर्ने बेलामै मोटो राजस्व असुल्नुभन्दा केही समय सहुलियत दिएर बजारलाई त्यसमा 'युज-टु' बनाउने रणनीति थाइ सरकारले लियो । फाइभजीको व्यावसायिक विस्तारका लागि थाइल्याण्ड सरकारले स्पेक्ट्रमको मूल्यमा भारी कटौती गर्‍यो ।

थाइ सरकारले २६०० मेगाहर्ज स्पेक्ट्रमको मूल्यमा १६ प्रतिशत कटौती गर्‍यो । तर, अपरेटरहरुलाई लक्ष्य दिँदै सोही सर्तअनुसार फाइभजी विस्तार गर्न निर्देशन दियो । थाइ सरकारले स्मार्ट सिटीसहितका स्थान तोकेर त्यहाँ फाइभजी नेटवर्क पुर्‍याए मात्रै सहुलियत प्याकेज दियो ।

लक्ष्यअनुसार काम नभए अपरेटरले पैसा तिर्नुपर्ने नीति थाइ सरकारले लियो । लक्ष्यअनुसार फाइभजी नेटवर्क विस्तार गर्ने अपरेटरलाई तीन वर्षसम्म स्पेक्ट्रम शुल्कमा शतप्रतिशत छुट दिइएको थियो ।

थाइल्याण्ड मात्रै होइन, छिमेकी चीनले पनि फाइभजीको व्यावसायिक सुरुवातका लागि सन् २०२० देखि तीन वर्ष स्पेक्ट्रम शुल्कमा शतप्रतिशत छुट दिने नीति अघि सारेको थियो ।

टेलिकम अपरेटरसँग स्पेक्ट्रम शुल्क सन् २०२३ मा २५ प्रतिशत, २०२४ मा ५० प्रतिशत र २०२५ मा ७५ प्रतिशत लिएको चीनले आगामी वर्ष २०२६ देखि शतप्रतिशत लिने तयारी गरिरहेको छ ।

**छैन सरकारको ध्यान**

तर, यतातर्फ नेपाल सरकारले भने ध्यानै पुर्‍याएको छैन । सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले सरकारी स्वामित्वको नेपाल टेलिकमलाई फाइभजी सुरुवात गर्न निर्देशन दिँदै आएका छन् । तर, मन्त्रीको निर्देशनअनुसार फाइभजीको व्यावसायिक रोलआउट गर्न सक्ने स्थिति नै नरहेको टेलिकमकै अधिकारीहरु बताउँछन् ।

'निर्देशन दिनु र कुनै कम्पनीले नयाँ प्रविधिमा लगानी गर्नु फरक विषय हो । निर्देशन दिएकै भरमा आम्दानी गुमिरहेको स्थितिमा अबौं लगानी गर्ने जोखिम लिन सक्ने स्थिति छैन । सरकारले केही न केही नीतिगत सहुलियत दिए मात्रै फाइभजी रोलआउट गर्न सक्ने स्थिति बन्छ । नभए हाम्रो ध्यान फोरजीको गुणस्तर र पहुँच विस्तारमा केन्द्रित हुन्छ,' ती अधिकारीले भने ।

तर, दूरसञ्चार क्षेत्रको नियामकदेखि सञ्चार मन्त्रालय नै फाइभजीमा कसरी अघि बढ्ने भन्नेमा प्रस्ट छैनन् । दूरसञ्चार प्राधिकरणका उपनिर्देशक तथा सहायक प्रवक्ता डा प्रदीप पौड्यालले अन्य देशहरुले फाइभजी रोलआउटका लागि अपरेटरहरुलाई ग्रुम गर्न सहुलियत दिने गरेको बताए पनि नेपालको हकमा के गर्ने भन्ने विषयमा स्पष्ट जवाफ दिएनन् ।

रामेछाप डायरी

# सेतीदेवी आवि सिम्लेलाई मुक्तिनाथ विकास बैंकको सहयोग



रामेछापको रामेछाप नगरपालिका वडा नं ७ सिम्लेमा रहेको सेतीदेवी आधारभूत विद्यालयमा खानेपानीको अभाव छ । विद्यालयमा आवश्यक खानेपानी गाउँमा रहेको धाराबाट बोकेर ल्याउनुपर्ने अवस्था छ । अब भने यो समस्या अन्त्य हुनेभएको छ ।

आईतबार मुक्तिनाथ विकास बैंक शाखा कार्यालय मन्थली रामेछापले विद्यालयमै पुगेर खानेपानी प्रबन्धको लागी आवश्यक सामाग्रीहरु हस्तान्तरण गरेको हो । मानव मिलन नारी जागरणको सहकार्यमा समाजससेवी सन्देश घिमिरेको पहलमा विद्यालयलाई उक्त सामाग्रीहरु उपलब्ध गराइएको हो । विद्यालयसम्म खानेपानी ल्याउन आवश्यक २ हजार मिटर पाईप र पानी संकलन गर्न १ हजार लिटरको २ वटा हिलटेक विद्यायलाई हस्तान्तरण गरिएको हो ।


मुक्तिनाथ विकास बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत विद्यालयमा खानेपानीको लागी आवश्यक सहयोग गरेको हो । खानेपानीको पाईप विछाउनेदेखी धारा जडानसम्मको काममा मानव मिलन नारी जागरण संस्थाले सहयोग गर्ने सो संस्थाका प्रतिनिधी एवं समाजससेवी सन्देश घिमिरले बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक खिल बहादुर कार्कीका अनुसार विद्यालयमा विगतदेखि नै खानेपानीको अभाव रहेको र शौचालयहरूमा समेत पानीको सुविधा उपलब्ध नहुँदा समस्या थियो । ३१ जना जनजाति बालबालिकासहित सम्पूर्ण विद्यार्थीहरूको स्वास्थ्य, सरसफाइ र सिकाइ वातावरणमा खानेपानी नहुँदा प्रत्यक्ष असर पारिरहेको थियो ।

विद्यालयलाई हिलटेक,धारा तथा पाईप सहयोगले विद्यालयमा सुरक्षित खानेपानीको पहुँच र शौचालयमा पानीको व्यवस्था हुने भन्दै प्रअ कार्कीले सहयोगी संस्थालाई धन्यवाद व्यक्त गर्नुभयो । भविष्यमा पनि यस्तै सहयोग र सहकार्य निरन्तर रहोस् भन्ने आशा राखेको उहाँले बताउनुभयो ।

मुक्तिनाथ विकास बैंक शाखा कार्यालय रामेछापका प्रमुख बद्रि रिमाल,मानव मिलन नारी जागरण संस्थाका प्रतिनिधी एवं समाजससेवी सन्देश घिमिरे,पत्रकार,शिक्षक,अभिभावक सहितको उपस्थितीमा ति समाग्रीहरु हस्तान्तरण गरिएको हो ।

# चिकित्सक संघको आन्दोलन जारी




काठमाडौं- नेपाल चिकित्सक संघले आफ्ना मागमा सरोकारवाला निकाय गम्भीर नभएको भन्दै आन्दोलनलाई निरन्तरता दिएको छ ।

संघका अध्यक्ष डा. डा. अनिलबिक्रम कार्कीले सोमबार बेलुकी विज्ञप्ति निकाल्दै मंगलबार पनि आन्दोलनलाई निरन्तरता दिइने जनाएका छन् ।

उनले काठमाडौं उपत्यकाभित्र रहेका चिकित्सकहरूलाई मंगलबार बिहान ११ बजे माइतीघरमण्डलामा तथा उपत्यकाबाहिरका चिकित्सकहरूलाई सोही समयमा आआफ्नो जिल्ला प्रशासन कार्यालयबाहिर धर्ना दिन आह्वान गरेका छन् ।

सोमबार कसेको चिकित्सा शिक्षा आयोगको १९ औं बैठकले वा सरोकारवाला अन्य कसैल पनि बाचा गरिएअनुरूपको निर्वाह भत्ताको व्यवहारिक समय तालिका सार्वजनिक नगरेकाले चिकित्सक संघ अझै आन्दोलनमै रहेको उनले उल्लेख गरेका छन् ।

"विगत लामो समयदेखि नेपाल चिकित्सक संघको नेतृत्वमा नेपाल सरकारको आठौं तह बराबरको निर्वाह भत्ताका लागि चिकित्सकहरू आन्दोलनरत रहेको सर्वविधित छ,' विज्ञप्तिमा भनिएको छ, 'आयोगको १६औं बैठकको निर्णय एवं भावनाअनुरुप सोमबार बसेको १९औं बैठकले वा सरोकारवाला अन्य कसैले पनि बाचा गरेअनुरुपको निर्वाह भत्ताको व्यवहारिक समय तालिका सार्वजनिक नगरेको हुनाले चिकित्सक संघ अझै आन्दोलनमै रहेको जानकारी गराउँदछौं ।'

संघले विज्ञप्ति जारी भएको २४ घण्टाभित्र मागको सटिक सम्बोधन नभए चिकित्सक संघ अझ कडा आन्दोलनको घोषणा गर्न बाध्य हुने चेतावनी पनि दिएको छ ।

जन आकाश
Jana Aakash National Weekly
वर्ष -१७, अंक- ३६, २०८२ साल बैशाख १६ गते मंगलबार (APR 29, 2025)

# अमेरिकाको प्रतिष्ठित ACP Osler Cup पुरस्कार जित्ने नेपाली चिकित्सक



काठमाडौं- संयुक्त राज्य अमेरिकामा कार्यरत नेपाली चिकित्सक डा. रिया बोहरा सन् २०२५ को American College of Physicians (ACP) DoctorÚs Dilemma प्रतियोगितामा विजेता भएको तीन सदस्यीय टोलीमा महत्वपूर्णभूमिका निभाउँदै इकभिच ऋगउ ब्धबचम २०२५ जित्ने पहिलो नेपाली बनेकी छिन् ।

न्यू अर्लेन्स, लुइजियानामा आयोजित उक्त प्रतियोगितामा भारत, जापान, क्यानडा, मेक्सिको र संयुक्त राज्य अमेरिकालगायत देशहरूबाट आएका ६० उत्कृष्ट Internal Medicine (IM) रेसिडेन्ट टोलीहरूले भाग लिएका थिए ।

तीन दिनसम्म चलेको कार्यक्रममा प्रतिस्पर्धीहरूले उच्चस्तरीय क्लिनिकल निर्णय क्षमता र चिकित्सकीय ज्ञानमा आधारित चुनौतीहरूमा सहभागिता जनाएका थिए ।

डा. बोहराले ब्भचष्अबल ऋर्यभिनभ या Massachusetts chapter र क्aint Vincent Hospital प्रतिनिधित्व गरेकी थिइन् ।

उनी सहभागी टोलीको उत्कृष्ट प्रदर्शनले संस्थालाई अन्तर्राष्ट्रिय स्तरमा मान्यता दिलाएको छ र विश्वभरका प्रमुख क्लिनिकल शिक्षा संस्थाहरूमध्ये एकका रूपमा चिनाएको छ ।

हामी डा. रिया बोहरा र उनकी टोलीलाई हार्दिक बधाई ज्ञापन गर्दछौं र भविष्यका चिकित्सकीय यात्रामा सफलताको शुभकामना व्यक्त गर्दछौं ।

# महालक्ष्मी विकास बैंक सबैभन्दा कम कोष लागत भएको विकास बैंक

काठमाडौं- महालक्ष्मी विकास बैंक आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासको अन्त्य सम्मको वित्तीय विवरण अनुसार सबैभन्दा कम कोष लागत (ऋयकत या ँगलम) भएको विकास बैंक बन्न सफल भएको छ ।




बैंकले प्रकाशित गरेको वित्तीय विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ चैत्र मसान्त सम्म कोष लागत प्रतिशत ५.०४ प्रतिशत रहेको छ । पछिल्लो आर्थिक वर्षको सोही अवधीमा बैंकको कोष लागत प्रतिशत ७.६२ प्रतिशत रहेको थियो ।

कोष लागत प्रतिशत कम हुँदा सोको सकरात्मक असर आधार दरमा समेत परेको छ जसअनुसार बैंकको आधार दर चैत्र मसान्त सम्म ७.१४ प्रतिशत रहेको छ जुन प्राय बैंकहरु भन्दा कम रहेको छ ।

बैंकको आधार दर कम हुँदा ऋणीले लिने ऋणको ब्याजदर समेत कम हुने हुँदा सोको लाभ ऋणीहरुले लिन सक्छन् । त्यसै गरी नेपाल राष्ट्र बैंकले तोकेको न्यूनत्तम पुंजी कोषको् तुलनामा महालक्ष्मी विकास बैंकको न्यूनत्तम पुंजी कोष आर्थिक वर्ष २०८१/८२ को चैत्र मसान्त सम्म १५.७५ प्रतिशत रहेको छ जुन आर्थिक वर्ष २०८०/८१ चैत्र मसान्तमा १२.७५ प्रतिशत रहेको थियो ।

न्यूनतम पुंजी कोष बढी भएको अवस्थामा बैंकहरुलाई जोखिम व्यवस्थापन गर्न सहज हुन्छ । यसरी बैंक पुंजीको हिसाबले सबल रहेको र आगामी दिनहरुमा व्यवसाय विस्तार गर्नलाई समेत पुंजीको अभाव नरहने देखिन्छ ।

हालै ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराउने बैंकको निति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै "महालक्ष्मी स्मार्ट साथी" सञ्चालनमा ल्याएको छ भने आगामी दिनहरुमा बैंकले आफ्ना वित्तीय सेवाहरुलाई थप प्रविधिमैत्री बनाउँदै जाने समेत बैंकले जनाएको छ ।

# बैंकका सीइओको तलब कार्यसम्पादनसँग मेल खाएन : अध्ययन

काठमाडौं- जोखिमलाई ध्यान नदिई केवल नाफा वा सम्पत्तिको आकारलाई बैंकका प्रमुख कार्यकारी अधिकृतहरुको तलबसँग जोड्ने नेपाल राष्ट्र बैंकको निर्देशन नै त्रुटिपूर्ण रहेको निष्कर्षसहित तलब सुविधा पुनरावलोकन हुनु पर्ने नयाँ अध्ययन सार्वजनिक भएको छ ।

नेपाल राष्ट्र बैंकको ७०औं वार्षिकोत्सवका अवसरमा सार्वजनिक गरिएको एक अध्ययनले सम्पत्तिसँग तलब जोडिँदा बैंकका प्रमुख कार्यकारी अधिकृतहरूले अत्यधिक ऋण विस्तार गरेको र यसबाट दीर्घकालीन जोखिम निम्तिएको निष्कर्ष अध्ययनको छ ।

राष्ट्र बैंकले १४ वर्षअघि 'प्रमुख कार्यकारीको पारिश्रमिक निर्देशन' जारी गर्दै उनीहरुको तलब बैंकको कूल कर्मचारी खर्चको ५ प्रतिशत वा कूल सम्पत्तिको ०.०२५ प्रतिशतभन्दा न्यून सीमामा राख्न भनिएको थियो ।

डा. युवराज खतिवडा गभर्नर हुँदा जारी गरिएको सो निर्देशन त्यसपछि दुईजना गभर्नरको कार्यकाल समाप्त हुँदासमेत पुनरावलोकन भएको छैन । निवर्तमान गभर्नर महाप्रसाद अधिकारीले पहिलो मौद्रिक नीतिमा प्रमुख कार्यकारी अधिकृतहरुको तलब पुनरावलोकन गर्ने उल्लेख गरे पनि कार्यान्वयन भने गरेनन् ।

**हालको व्यवस्था**

अध्ययनमा प्रमुख कार्यकारीको तलबसँगै बैंकका संचालकहरुको भत्तामाथि पनि प्रश्न गरिएको छ । उनीहरुको कार्यसम्पादन र पारिश्रमिकबीच प्रत्यक्ष सम्बन्ध नरहेको अध्ययनको निष्कर्ष छ ।

राष्ट्र बैंकका सहायक निर्देशक प्रदीपकुमार काफ्लेले गरेको अध्ययनले अहिलेको तलब सुविधा नीतिमा पुनरावलोकनको खाँचो औंल्याएको हो ।

११ वर्ष (२०१३-२०२३) को तथ्यांक विश्लेषण गरेर गरिएको अध्ययनमा 'प्रमुख कार्यकारीहरूको तलब न बैंकको मुनाफा (आरओए, आरओइ) सँग, न त वित्तीय स्थायित्व (जेड-स्कोर) सँग प्रत्यक्ष रूपमा सम्बन्धित छ' भनिएको छ । बरु प्रमुख कार्यकारीको प्रारम्भिक तलब संरचनाकै आधारमा आगामी वर्षहरूमा तलब निर्धारण गर्ने मुख्य मापदण्ड बनाइएको अध्ययनमा उल्लेख छ ।

बैंकहरुको दीर्घकालीन लक्ष्यसँग तलब जोडिनु पर्ने भन्दै तलब वृद्धि नाफाका आधारमा मात्र होइन बैंकको सम्पत्ति (ऋण लगानी) गुणस्तर, लगानीको विविधीकरण, खराब कर्जा अनुपात (एनपीएल) कम गर्ने क्षमता र समग्र वित्तीय स्थायित्वसँग सम्बन्धित हुनुपर्ने उल्लेख छ ।

अध्ययनमा प्रमुख कार्यकारी अधिकृतहरुले नाफाबाट पाउने बोनस भविष्यका वर्षहरूमा बैंकको प्रदर्शन हेरेर मात्र पूर्ण रूपमा भुक्तानी हुने व्यवस्था गर्नँ पर्ने सुझाव दिइएको छ । यदि भविष्यमा घाटा भयो भने बोनस फिर्ता लिन मिल्ने कानुनी व्यवस्था आवश्यक रहेको अध्ययनको निचोड छ । प्रमुख कार्यकारीको तलब सुविधा जोखिममा आधारित हुनु पर्ने पनि भनिएको छ ।

सीईओको पारिश्रमिकलाई वित्तीय स्थिरता बोर्ड



(एफएसबी) को सिद्धान्तहरुसँग मेल खाने गरि परिमार्जन गर्नँपर्ने सुझाव दिइको छ । अहिले लागू भएको शुत्र कुनै अन्तर्राष्ट्रिय मापदण्डसँग मेल नखाने पनि उल्लेख गरिएको छ ।

संचालनमा रहेका १९ वटा वाणिज्य बैंकलाई अध्ययमा समावेश गरिएको छ । 'अधिकांश बैंकहरुमा पारिश्रमिकको माथिल्लो सीमा कुल सम्पत्तिको आधारमा निर्धारित हुन्छ जसले सीईओहरुलाई अत्यधिक ऋण वितरण र जोखिमपूर्ण सम्पत्ति संचय गर्न प्रोत्साहित गरिरहेको छ,' अध्ययनमा औंल्याइएको छ ।

अध्ययनले पारिश्रमिकको रकमभन्दा संरचनामा ध्यान दिनुपर्ने र सीईओको तलब दीर्घकालीन वृद्धि, जोखिम व्यवस्थापन र बैंकको समग्र स्थिरता जस्ता विभिन्न सूचकहरुमा आधारित हुनुपर्ने सुझाव दिएको छ ।

यसैगरी, अध्ययनले नेपाली बैंकहरुमा संचालक समितिका सदस्यहरुको बैठक भत्ता अन्य दक्षिण एसियाली देशहरुको तुलनामा निकै कम रहेको पनि देखाएको छ । नेपालमा संचालकहरुको औसत् बैठक भत्ता १० हजार ५०० रहेकोमा भारतमा एक लाख ६० हजार र मालदिभ्समा ४२ हजार रुपैयाँ रहेको छ ।

अध्ययनले नेपाल राष्ट्र बैंकले संचालकहरुलाई थप जवाफदेही बनाउन र योग्य व्यावसायिक व्यक्तिहरुलाई संचालक समितिमा आकर्षित गर्न उचित पारिश्रमिक प्याकेजको व्यवस्थाका लागि कानुनी आधार दिनु पर्ने पनि सुझाव पनि दिएको छ ।

राष्ट्र बैंकका सहायक निर्देशक काफ्लेले बैंकका प्रमुख कार्यकारी अधिकृत र संचालकहरुको तलब सुविधा निर्धारण विधि वैज्ञानिक नभएको निष्कर्ष निकालिरहँदा केही समयअघि नेपाल बैंकर्स संघले गरेको अध्ययनले छुट्टै निचोड निकालेको थियो ।

संघको अध्यक्षमा निर्वाचित भएपछि भुवन दहालले गराएको अध्ययनले बैंकका प्रमुख कार्यकारी अधिकृतलगायतको भन्दा राष्ट्र बैंकका कर्मचारीहरुको तलब सुविधा बढी भएको देखाएको थियो । संघले निकालेको निचोडहरु अनौपचारिक रुपमा बाहिरिएपछि राष्ट्र बैंकले त्यो अध्ययन सार्वजनिक गर्न रोक लगाएको थियो ।

यद्यपि, हरेक वर्ष प्रकाशित हुने बैंकहरुको वार्षिक प्रतिवेदनपछि प्रमुख कार्यकारी अधिकृतलगायतको तलब सुविधाका बारेमा भने सार्वजनिक रुपमै चर्चा हुने गरेको छ । तर, अहिलेसम्म अध्ययन भने भएको थिएन ।

# बजेटबारे कांग्रेसलाई महासंघको सुझाव

काठमाडौं- नेपाल उद्योग वाणिज्य महासंघले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा समेटनु पर्ने विषयबारे सत्तारुढ नेपाली कांग्रेसलाई विभिन्न सुझाव दिएको छ ।

नेपाली कांग्रेसको उद्योग तथा व्यापार विभागले सोमबार काठमाडौंमा गरेको कार्यक्रममा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले सामाजिक न्यायसहितको खुला अर्थतन्त्र विस्तार, नयाँ चरणको आर्थिक सुधारका लागि संरचनात्मक परिवर्तन, निजी क्षेत्र प्रवर्धन गर्ने गरी बजेट ल्याउन सुझाव दिए ।

उनले लगानी अभिवृद्धि, सुशासन प्रवर्धन तथा सार्वजनिक खर्चको प्रभावकारितालाई बजेटको उद्देश्यमा समेटिनुपर्ने बताए ।

'उद्योग व्यवसाय विस्तारको वाधकका रुपमा राजनीतिक र नीतिगत अस्थिरता देखिएको छ । त्यसैले नीतिगत स्थायित्वलाई प्राथमिकतामा राख्नुपर्छ,' उनले भने, 'धेरै देशले नीति र संस्थालाई स्थीर बनाइ आर्थिक उन्नति हासिल गरेका छन् । थाइल्याण्ड त्यसको एउटा उदाहरण हो । त्यसैले कांग्रेसले नीतिगत स्थायित्वका लागि पहल गर्नँपर्छ । अबको दश वर्ष नीतिगत परिवर्तन नगर्ने सहमति गर्नँपर्छ ।'

ढकालले लगानी दशक घोषणा गरी लगानी सम्बन्धी कानुनलाई एकीकृत गरेर लगानीकर्तालाई आकर्षित गर्नँपर्ने बताए । पुंजीगत बजेट पूरै खर्च नहुने समस्याका कारण बजारमा माग सिर्जना हुन नसकेको र निजी क्षेत्रको व्यवसाय प्रभावित उनको भनाइ छ ।


युवाहरुलाई व्यवसायप्रति आकर्षित गर्न सुशासनको प्रत्याभूति गरी नागरिक एपबाट व्यवसाय दर्तादेखि सम्पूर्ण काम गर्न सक्ने व्यवस्था मिलाउन तथा राजस्व बुझाएकै आधारमा नवीकरण गर्ने व्यवस्था गर्न महासंघले सुझाव दिएको छ ।

महासंघले दोस्रो चरणको आर्थिक सुधारलाई




अगाडि बढाउने गरी बजेट बनाउन सुझाव दिएको छ । कार्यक्रममा कांग्रेस सभापति शेरबहादुर देउवा लगायत नेता सहभागी थिए ।

# ग्लोबल आइएमई बैंकको रुफटप सोलार कर्जा योजना




काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडले पृथ्वी दिवसको अवसरमा औद्योगिक र व्यावसायिक भवनमा सोलार सिस्टम जडानलाई प्रोत्साहन गर्न रुफटप सोलार कर्जा योजना सार्वजनिक गरेको छ ।

यस कर्जाको मुख्य उद्देश्यहरु नविकरणीय ऊर्जाको पहुँच विस्तार गर्ने, जलविद्युत् ऊर्जा आपूर्तिमा निर्भरता घटाउँदै ऊर्जा सुरक्षा सुनिश्चित गर्ने र ऊर्जा खपत कम गर्दै वातावरणीय प्रभाव न्यूनीकरण गर्ने रहेका छन् ।

यो कर्जाबाट उत्पादनमूलक उद्योग तथा व्यवसायहरु जस्तै होटल, हस्पिटल, कोल्ड स्टोर, हाउजिङ्ग कम्पनी, व्यापारिक भवन, शैक्षिक संस्थाहरुले प्रत्यक्ष लाभ लिन सक्नेछन् ।

बैंकले वातावरणीय प्रभाव न्यूनीकरण गर्दै दिगोपन तर्फ अग्रसर हुन रुफटप सोलार कर्जा योजना सार्वजनिक गरेको हो ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो । साथै ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८५ एटिएम, २२१ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नँका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिंदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

# यती एयरलाइन्स दुई वर्षभित्र क्षेत्रीय अन्तर्राष्ट्रिय उडान गर्ने योजनामा

काठमाडौं । यती एयरलाइन्सले आउँदो दुई वर्षभित्र क्षेत्रीय अन्तर्राष्ट्रिय उडान गर्ने योजना अगाडि बढाएको छ । यतीले भारतका कोलकाता, लखनाउ, बोधगया लगायत गन्तव्यमा उडान गर्ने योजना अगाडि बढाएको हो ।

यती समूहका अध्यक्ष ल्हाक्पा सोनाम शेर्पाले क्षेत्रीय आइपीओ जारी गरेर क्षेत्रीय अन्तर्राष्ट्रिय उडान गर्ने योजना रहेको जानकारी दिए ।

'हामीले अन्तर्राष्ट्रिय चार्टर्ड उडानको अनुमति पाइसकेका छौं । केही गन्तव्यमा उडान पनि गरिसकेका छौं,' अध्यक्ष शेर्पाले बिजमाण्डूसँग भने, 'अब हामी क्षेत्रीय अन्तर्राष्ट्रिय उडानको योजनामा छौं । आइपीओ जारीपछि क्षेत्रीय अन्तर्राष्ट्रिय उडान गर्नेछौं ।'

शेर्पाका अनुसार यती एयरलाइन्सलाई असोजभित्र पब्लिक कम्पनीमा लाने तयारी छ । 'हामी झण्डै ३ दशकदेखि निरन्तर यात्रुको सेवामा छौं । सर्वसाधारणको साथले गर्दा यहाँ आइपुगेका हौं,' उनले भने, 'अब सर्वसाधरणलाई जोडेर सेवा विस्तार गर्ने उद्देश्य छ । त्यही कारण आइपीओ जारी गर्ने तयारीमा छौं ।'

क्षेत्रीय अन्तर्राष्ट्रिय उडानका लागि कम्पनीले जहाज संख्या थप्नेछ । जहाज संख्या १२ वटा पुऱ्याउने कम्पनीको योजना छ ।

एटीआर ७२-६०० महँगो भएका कारण कम्पनीले बम्बार्डियरको क्यू-४०० सिरिजको जहाजलाई विकल्पमा राखेको छ । एटीआर ७२-६०० सिरिजको जहाजलाई अहिले करिब पौने २ अर्ब रुपैयाँ पर्छ ।

सिट क्षमता र पावरको हिसाबले उत्कृष्ट रहेका कारण कम्पनीले आन्तरिक र क्षेत्रीय अन्तर्राष्ट्रिय उडानका लागि टर्बोप्रोपलाई विकल्पमा राखेको शेर्पाले बताए । बम्बार्डियरको क्यू-४०० सिरिजको जहाजमार्फत अहिले श्री एयरलाइन्सले उडान गर्दै आएको छ ।

यतीसँग हाल एटीआर ७२-५०० सिरिजका ७ वटा जहाज छन् । तीमध्ये दुई वटा जहाज कम्पनीमा एसियन लाइफ इन्स्योरेन्सको प्रवेशपछि किनिएका हुन् । कम्पनीमा डेढ वर्षअघि यतीमा ४९ प्रतिशत स्वामित्वसहित एसियन लाइफ इन्स्योरेन्सको प्रवेश भएको थियो ।

## खेलकुद

# कञ्चनजंघा साहसिक हाफ म्याराथनको उपाधि सोलुखुम्बुका अर्जुनलाई




ताप्लेजुङ – सिरिजङ्घा महोत्सवको अवसरमा आयोजित कञ्चनजंघा साहसिक हाफ म्याराथन प्रतियोगिताको उपाधि सोलुखुम्बुका अर्जुन कुलुङ राईले जितेका छन् । २ घण्टा ६ मिनेट २५ सेकेन्डमा निर्धारित दुरी पार गर्दै उपाधि जितेका उनले २ लाख ८ हजार ५ सय रुपैयाँ पुरस्कार हात पारेका छन् ।

उनका प्रमुख प्रतिस्पर्धी जुम्लाका धीरजबहादुर बुढा भए । २१ सेकेन्ड मात्रै ढिलो भएका उनले १ लाख ८ हजार ५ सय मा चित्त बुझाउनु पऱ्यो । बुढाले दुई घण्टा छ मिनेट ४६ सेकेन्डमा निर्धारित दुरी पार गरेका थिए । रिबन चुम्ने उनीहरूको प्रतिस्पर्धाले दर्शकलाई रोचक बनाएको थियो ।

म्याराथन व्यवस्थापन समितिका संयोजक निक्की नेम्वाङका अनुसार दुई घण्टा दश मिनेट ११ सेकेन्डमा निर्धारित दुरी पार गरेका ताप्लेजुङका बिबिसन लिम्बू तेस्रो भए । उनले ५८ हजार ५ सय सय रुपैयाँ पाए । प्रतिस्पर्धामा सहभागी चौथोदेखि दसौं सम्मका धावकलाई प्रोत्साहन स्वरुप ८ हजार ५ सय रुपैयाँका दरले नगद पुरस्कार प्राप्त गरे ।

महोत्सव मूल आयोजक समितिका संयोजक एवं सिरिजङ्घा गाउँपालिका उपाध्यक्ष चित्रकुमार मावो लिम्बूका अनुसार सबै पुरस्कारमा ८ हजार ५ सय ८६ रुपैयाँ दिइएको थियो । यो कञ्चनजंघा हिमालको उचाइ हो ।

सिरिजङ्घा गाउँपालिकाको आयोजनामा वैशाख १३ गतेदेखि सुरु भएर १५ गते सकिएको हो । कञ्चनजंघा हिमालको आधार शिविर याम्फुदिनको नयाँ झोरेनी भन्ने स्थानमा गरिएको थियो । प्रतियोगिताका विजेतालाई कोशी प्रदेशका उद्योग कृषि तथा सहकारी मन्त्रीले हौसला प्रदान गरे । महोत्सवमा खेलकुद, साहित्य, लगायतका कार्यक्रम गरिएको थियो ।

# उत्पादन बढाउन आधुनिक खोर निर्माणमा जोड दिँदै वालिङ



काठमाडौं- स्याङ्जाको वालिङ नगरपालिकाका बाखा पालक कृषकहरु आधुनिक खोर निर्माणमा चासो देखाएका छन् ।

नगरपालिकाले उत्पादन बढाउने योजना सहित आधुनिक खोर निर्माण र खोर सुधारका कार्यक्रम सञ्चालन गरसँगै कृषकहरु उत्साहित भएका हुन् । अस्तव्यस्त तरिकाबाट बाखा पाल्दै आएका कृषकहरु आधुनिक खोर निर्माणसँगै उत्पादन बढ्नेमा विश्वस्त छन् ।

पालिकाले बाखाको नस्ल सुधार गर्दै व्यवस्थित तरिकाबाट पालन गर्न कृषकलाई प्ररित गर्दै आएको छ । अनुदानमा आधुनिक खोर निर्माण गर्न भएकी वालिङ नगरपालिका-५ की एकमाया मल्लले आधुनिक खोर निर्माणका कारण गाउँमा छुट्टै खुसियाली छाएको बताउनु भयो ।

उहाँले भन्नुभयो,"अस्तव्यस्त तरिकाबाट बाखा पाल्दै आएका थियौं, अव सजिलो हुने भयो ।" अहिले १२ बाखा पाल्दै आउनु भएकी मल्लले अव खोर निर्माणसँगै बाखाको सङ्ख्या थप्ने बताउनु भयो ।

गाउँका धेरै बाखा पालक कृषकले खोर बनाउने योजना बनाएको उहाँको भनाइ छ । मल्ल स्थानीय दिप्का बाखा पालन स्वावलम्बी महिला कृषक समूहकी अध्यक्ष हुनुहुन्छ ।

३० जना महिला आवद्ध रहेको समूहका सदस्यहरु उत्पादन बढाउने अभियानमा लागेको समूहकी सचिव मथुरा शाहीले बताउनु भयो । वालिङ नगरपालिका-५ मा १० जना कृषकले आधुनिक खोर निर्माण गरेका वडा अध्यक्ष छविलाल आलेले बताउनु भयो ।

नगरपालिका र हेफर प्रोजेक्ट नेपालको सहकार्यमा सञ्चालन भईरहेको 'वालिङ कृषि विकास परियोजना'मार्फत आधुनिक खोर निर्माण गरिएको उहाँको भनाई छ । कृषकले ५० प्रतिशत अनुदानमा बाखाको खोर निर्माण गरेका हुन् ।

बाखाको नस्ल सुधार गर्दै उत्पादन बढाउने योजनाका साथ नगरपालिकाले वडा नं.१ देखि ७ सम्म विशेष योजना बनाएर काम गरिरहेको नगरप्रमुख कृष्ण खाँणले बताउनु भयो ।

उहाँले भन्नुभयो,"साझेदार संस्थाहरुसँग मिलेर महिलालाई उत्पादनमा जोड्ने अभियान सुरु गरेका छौं ।" वडाको पकेट क्षेत्र नै छुट्याएर कृषि र पशुको क्षेत्रमा काम गरिरहेको प्रमुख खाँणको भनाई छ ।

बाखा पालनलाई व्यवसायिक बनाउँदै उत्पादन बढाउने उद्देश्यले आधुनिक खोर निर्माण गरिएको प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले बताउनु भयो । निर्वाहमूखी कृषि प्रणालीमा परिवर्तन गरी साना कृषकलाई आर्थिक रुपमा सवल बनाउने पालिकाको योजना रहेको उहाँको भनाई छ ।

नगरपालिकाले सञ्चालन गरिरहेको परियोजना मार्फत वडा नं.४,५ र ६ मा गरी २६ वटा आधुनिक बाखाको खोर निर्माण गरिएको नगरपालिकाका पशु सेवा शाखा प्रमुख डाक्टर रोशन बस्यालले बताउनु भयो । आधुनिक खोर निर्माणसँगै कृषकलाई बाखा पाल्ने तरिका र सरसफाई सम्बन्धी जानकारी दिँदै आएको उहाँको भनाई छ ।

# दातृ निकायसँग लिएको ऋणमाथि भ्रष्टाचार गर्नु दरिद्रता हो : सोबिता गौतम



काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद सोबिता गौतमले नेपाली नागरिकले हवाई यात्रा सुरक्षित हुनुपर्ने विषयमा सरकारको ध्यानाकर्षण गराएकी छिन् ।

सोमबार नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी विधेयकमा भएको सैद्धान्तिक छलफलमा भाग लिँदै सांसद गौतमले युरोपियन युनियन (इयू)ले लगाएको प्रतिबन्ध भन्दा पनि बढी चाहिँ हवाई सुरक्षामा ध्यान दिनुपर्ने बताइन् ।

प्रतिबन्धको विषय मात्रै चासोको रुपमा हेरिएको भएपनि ऐन पारित भइसकेपछि बहस हुने तर्क राख्दै उनले अहिले हवाई सुरक्षाकै विषयमा बढी ध्यान दिनुपर्ने उल्लेख गरिन् ।

'यो ऐन पारित भइसकेपछि, कानुन निर्माण भएपछि प्रतिबन्धलाई हटाउनको लागि अझ बल पनि पुग्ला,' गौतमले भनेकी छिन्, 'तर सबैभन्दा महत्त्वपूर्ण विषय नेपाली नागरिकहरूको यात्रा गर्दा सुरक्षित महसुस गर्ने विषय हो ।'

नागरिक उड्डयन प्राधिकरणलाई सेवाप्रदायक र नियामक निकायमा छुट्याउनेगरी आएको विधेयक स्वागतयोग्य भएको बताउँदै उनले थप भनेकी छिन्, 'युरोपियन युनियनको कालोसूचीभन्दा माथि नेपाली नागरिक र आम हवाई यात्रा गर्ने नागरिक यात्रुहरूको सुरक्षाको खातिर चाहिँ यो विधेयक आउन आवश्यक छ ।'

आफूले अध्ययन गर्दा नेपालले सन् २०१० मै एडिबीसँग हवाई यातायात क्षमता अभिवृद्धिका लागि ७० मिलियन डलर ऋण तथा १० मिलियन डलर अनुदान लिएको र त्यही बेलादेखि सेवाप्रदायक र नियामक छुट्याउने अवधारणा राज्यले लिएकोमा खुसी व्यक्त गरेकी छिन् ।

ऋण र ब्याज दुवै जनताकै करबाट हुनेगरी भएको विषयलाई अतिरञ्जित गर्नेगरी चर्चा हुने गरेकोमा सांसद गौतमले आपत्ति जनाइन् ।

'नेपालमा पछिल्लो समय हवाई क्षेत्रमा व्यापक घोटाला हुने गरेको तथ्य बाहिर आइरहेको छ । संसदीय उपसमितिले१० अर्बको लगभग भ्रष्टाचार भएको, नितिगत भ्रष्टाचार गरेको विषय उजागर गरिदिएको छ,' उनले भनिन्, 'हवाई क्षेत्र टेक्निकल विषय हो । अर्बौं अब राज्यले ऋण लिने अनि नागरिकको टाउकोमा सार्वजनिक ऋणको भारी बोकाउने, नागरिकको करबाट ऋणको ब्याज तिरिरहने अनि केही सीमित मान्छेले अर्बौं ऋणबाट भ्रष्टाचार गरेको विषय अन्यन्त निन्दनीय छ ।'

उनले पत्रकार प्रकाश खतिवडासहित परिवारका सदस्यले सौर्य विमान दुर्घटनामा ज्यान गुमाएको विषय उठाउँदै सही नियमन हुन नसकेको गुनासो गरिन् ।

'यदि नियमन सही हुन्थ्यो, यदि नियमन निकायले राम्रो कार्य गर्थ्यो भने यो त्रुटी त हुन्थेन नि,' सांसद गौतमले भनिन् ।

नेपालमा भएका नियमन कार्यहरू एकदमै कमजोर भएको बताउँदै उनले सुधारका लागि छिटोभन्दा छिटो ऐन ल्याउनपर्ने सुझाव राखिन् ।

# खुम्बु क्षेत्रमा भारी हिमपात, पदमार्ग अवरुद्ध हुँदा पर्यटक समस्यामा



सोलुखुम्बु- उच्च हिमाली क्षेत्र खुम्बुमा आइतबारदेखि लगातार भारी हिमपात भइरहेको छ । हिमपातका कारण पर्यटक र स्थानीयवासी प्रभावित भएका छन् ।

खुम्बु क्षेत्रमा रहेका ट्रेकिङ एजेन्सीज एशोसिएशन अफ नेपाल (टान) का वरिष्ठ उपाध्यक्ष कर्मा शेर्पाका अनुसार हिमपातका कारण पदमार्ग अवरुद्ध हुँदा गोक्यो क्षेत्रमा पर्यटक समस्यामा परेका छन् ।

उनले भने, 'हिउँले बाटो पुरिएको छ, कतिपय पर्यटक समस्यामा परेका छन्, तर सङ्ख्या यकिन भइसकेको छैन ।'

स्थानीयवासी साङ्गे शेर्पाले बेमौसमी हिमपातका कारण जनजीवनमा असर परेको बताए । यसैबीच सगरमाथा क्षेत्रमा पदयात्रामा गएका एक अमेरिकी पर्यटक सम्पर्कविहीन भएका छन् । सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपीसीसी) का अध्यक्ष लामाकाजी शेर्पाका अनुसार सम्पर्कविहीन हुनेमा ६३ वर्षीय अमेरिकी नागरिक वाइमा छन् ।

'उहाँ गत बुधबार सगरमाथा राष्ट्रिय निकुञ्जको चेकपोस्टमा 'इन्ट्री' हुनुभएको थियो । त्यसपछि सम्पर्कमा आउनुभएको छैन,' उनले भने । हिमपातका कारण खोजी गर्न समस्या भएको छ ।

हिमपातका कारण सगरमाथा आरोहण पनि प्रभावित भएको छ । अधिकांश आरोहीहरु आधार शिविरमै रोकिएका छन् । प्रशासन र सम्बन्धित निकायले प्रभावित क्षेत्रका पर्यटक तथा स्थानीयको सुरक्षालाई प्राथमिकतामा राखेर उद्धार र व्यवस्थापनका लागि समन्वय गरिरहेको जनाएको छ ।

# लाप्राकको नमुना बस्ती : घर छन्, बासिन्दा छैनन्

लाप्राक (गोरखा)- भनाइ नै छ- घर त्यो हो, जहाँ मन बस्छ । अर्थात् जुन ठाउँमा मन रमाउँछ, त्यो नै साँचो अर्थमा घर हो । माया, सम्बन्ध र आफ्नोपनको अनुभूति नहुने घर केवल ढुंगा, माटो, ईंट्टा, काठ, सिमेन्ट आदिबाट बनेको संरचना मात्र हुन्छ । नमुना एकीकृत बस्तीका घरमा यस्तै अनुभूति भएको छ लाप्राकीलाई ।

गोरखाको बारपाक केन्द्रविन्दु भएर २०७२ सालमा गएको भूकम्पपछि घरबारविहीन भएका लाप्राकका बासिन्दालाई गैरआवासीय नेपाली संघ (एनआरएनए)ले गुप्सीपाखामा एकीकृत नमुना बस्ती बनाइदियो ।

एकनासका चिटिक्कका घर बनाएर गोलाप्रथाबाट स्थानीयलाई हस्तान्तरण गरी २०७८ साल वैशाख ९ गते लालपूर्जा पनि वितरण गरियो । तर एकीकृत बस्तीका नयाँ घरमा लाप्राकीको मन बसेन । उनीहरुले पुरानो थातथलो नछाडेपछि



अधिकांश नयाँ घर रित्तै छन् । रित्ता घरको आगनमा घाँस उम्रिन थालेको छ । घरका झ्यालढोका फुटेका छन् ।

पुरानो गाउँ छाडेर नयाँ बस्तीमा बसेका सीमित व्यक्तिहरुमध्ये खसमाया गुरुङ पनि एक हुन् । नयाँ बस्तीसँग जीविकोपार्जन नजोडिएकाले उनी त्यति खुशी छैनन् । खसमायाले भनिन्, 'यहाँ घरमात्र हो, खेती गर्ने जमिन छैन, खेतीका लागि तलै गाउँ जानुपर्छ ।' नयाँ बस्तीबाट पुरानो गाउँ जान करिब ४५ मिनेट लाग्ने उनले सुनाइन् ।

पुरानो गाउँ पहिरोको जोखिममा रहेकाले मात्र आफू नयाँ बस्तीमा बसिरहेको उनको भनाइ छ । तर छिमेकीहरु नहुँदा एक्लोपनको अनुभव

» बाकी ६ पृष्ठमा

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३६, २०८२ साल बैशाख १६ गते मंगलबार (APR 29, 2025)

# बिग्रिदै गएको पार्टीलाई सच्याउन दिनरात खटिरहेको छु : प्रचण्ड



काठमाडौं- नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आधारभूत वर्ग भुलेर पार्टी बिग्रँदै गएपछि सच्याउन आफू दिनरात खटिरहेको बताएका छन् ।

बर्दियाको राजापुरमा सोमबार आयोजित जनसभालाई सम्बोधन गर्दै प्रचण्डले सच्चिएर जनताको बीचमा पुग्न पार्टीका नेताहरूलाई आग्रह गरे ।

'पार्टी बिग्रियो । नेताहरू बिग्रिए । हामीले आधारभूत वर्गलाई भुल्यौं । मैले आफूले पनि गल्ती गरें भन्ने महसुस भएपछि म अहिले दिनरात खटिएको छु,' उनले भने, 'केही गल्ती गरें भन्ने लागेपछि आफूलाई सच्याउँदै बदल्ने संकल्प गर्दै पछिल्लोपटक सरकार चलाउँदा सुशासनको पक्षमा अभियान पनि छेडे । अहिले दिनरात दौडिरहेको छु । जनताको बीचमा गइरहेको छु । अब अरु नेताहरू पनि सच्चिनुस् । आफ्नो वर्गलाई समाउनुस् ।'

पूर्वप्रधानमन्त्री प्रचण्डले शहीद-बेपत्ता परिवारका कुरा सुन्न पनि पार्टीका नेताहरूलाई आग्रह गरे ।

'त्यसले आफू बिग्रिएको थाहा हुन्छ । तिनको आँशुले आफूलाई बदल्न मद्यत गर्छ । आफूलाई सच्याउन, आफ्नो वर्गतर्फ फर्किन सहयोग गर्छ ।

जनयुद्धको तयारीको समयदेखि नै बर्दियाका थारु समुदाय, मजदुर र किसानले हामीमाथि ठूलो भरोसा राख्नुभयो । जनयुद्धको अवधिभर बर्दिया आधार इलाका थियो । तर, क्रान्तिको बलियो किल्ला बनेको थारु समुदायमा पार्टी छिन्नभिन्न भयो । किनभने, माओवादी पार्टी बिग्रियो । यसका नेता बिग्रिए,' उनले थपे, 'अब थारु समुदाय, शहीद र बेपत्ता परिवार, मजदुर र किसानलाई केन्द्रमा राख्नुस् । गहिरो आत्मसमीक्षा गर्नस् र सच्चिनुस् योभन्दा विकल्प छैन ।'

नेकपा माओवादी केन्द्रले बर्दियाको राजापुरमा सोमबार आयोजित गरेको जनसभा । तस्वीर : प्रचण्डको सचिवालय ।

उनले केही महिनाअघिसम्म माओवादी पार्टी नुन खाएको कुकुराजस्तो बनिसकेको थियो भन्दै आफूले सुशासनको लागि संकल्प गरेर सरकारको नेतृत्व गरेपछि माओवादी नेता-कार्यकर्ता खुल्ला बहस गर्न सक्ने अवस्थामा पुगेको बताए ।

'माओवादी नुनखाएको कुखुराजस्तो भइसकेका थियौं । अहिले चोकचोकमा बसेर हामी भ्रष्टाचारविरोधी, सुशासनको पक्षधर भनेर खुल्ला बहस गर्न सक्ने अवस्था ल्याइएको छ । अब लगातार जनताको बीचमा गए दुई वर्षपछि २०८४ मा २०६४ को जस्तो अवस्था ल्याउन सकिन्छ,' उनले भने ।

## अन्तराष्ट्रिय

# इरानको व्यापारिक बन्दरगाहमा विस्फोट : मृत्यु हुनेको संख्या २८ पुग्यो



काठमाडौं- इरानको बन्दरगाहमा शनिबार बिहान भएको विस्फोटमा मृत्यु हुनेको संख्या २८ पुगेको छ । दक्षिणी इरानको शाहिद रजाई बन्दरगाहमा भएको उक्त घटनामा आठ सय जना घाइते भएका छन् भने ६ जना अझै बेपत्ता छन् । विस्फोटले वरपरका भवनका झ्याल र छाना उडाएको र गाडीहरू नष्ट गरेको बीबीसीले जनाएको छ ।

स्थानीय बासिन्दाहरूले विस्फोटको असर ५० किलोमिटर टाढासम्म महसुस भएको बताएका छन् ।

बीबीसीले प्रमाणित गरेका भिडियोहरूमा आगो बढ्दै गएर ठूलो विस्फोट भएको देखिन्छ, जसपछि मानिसहरू डराएर भागिरहेका र कतिपय घाइते अवस्थामा धुवाँले ढाकिएको र सडकमा लडिरहेका छन् । बन्दरगाहको भन्सार कार्यालयले टेलिभिजनद्वारा प्रसारित विज्ञप्तिमा विस्फोट सम्भवत: खतरनाक र रासायनिक सामग्री भण्डारण डिपोमा लागेको आगोबाट भएको बताइएको छ ।

आकाशबाट खिचिएको भिडियोमा कम्तीमा तीन ठाउँमा आगो लागेको देखिन्छ । एक निजी समुद्री सुरक्षा सल्लाहकार कम्पनीका अनुसार विस्फोट भएका कन्टेनरहरूमा ' बलिस्टिक मिसाइल'का लागि लैजाँदै गरिएको ठोस इन्धन थियो । एम्ब्रे इन्टेलिजेन्सका अनुसार भने इरानी 'बलिस्टिक मिसाइल'मा प्रयोग हुने ठोस इन्धनको कार्गो सही तरिकाले नसम्हाल्दा आगलागी भएको हो । इरानी झन्डावाला एक जहाजले उक्त बन्दरगाहमा सोडियम पर्क्लोरेट अर्थात् रकेट इन्धन मार्च २०२५ मा झारेको एम्ब्रेले जनाएको छ ।

# दिल्लीमा भेटघाटमा सक्रिय बाबुराम, भेटे ४ पूर्वराजदूत

काठमाडौं- भारत भ्रमणमा रहेका पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा. बाबुराम भट्टराईले भेटवार्तालाई तीव्रता दिएका छन् ।

सोमबार भारतका रक्षामन्त्री राजनाथ सिंहलाई भेट गरेका पूर्वप्रधानमन्त्री भट्टराईले नेपालका लागि पूर्वभारतीय राजदूतहरू श्याम शरण, राकेश सुद, रञ्जित रे र मंजिव सिंह पुरीसँग भेट गरेका छन् ।

भट्टराईले परराष्ट्र विज्ञहरू प्रा. मुनि र प्रा. मट्टुसँग पनि भेटवार्ता गरेको उनको सचिवालयले जनाएको छ ।

भेटमा दुई देशबीचको सम्बन्ध र सहकार्यका विषयमा छलफल भएको डा. भट्टराईको सचिवालयले जनाएको छ ।

यसअघि भट्टराईले भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेता डा. मुरलीमनोहर जोशीसँग पनि भेट गरेका थिए ।

डा. भट्टराईले द हिन्दूसँगको अन्तर्वार्तामा नेपालमा



देखिएको नागरिक असन्तुष्टि लोकतन्त्रप्रति नभएर प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारप्रति रहेको जिकिर गरे ।


डा. भट्टराई प्रगतिशील नेपाली समाज समिति भारतको अधिवेशन उद्घाटन समारोहमा सहभागी हुन शनिबार दिउँसो नयाँ दिल्ली प्रस्थान गरेका थिए ।

# क्यानडामा उत्सव मनाइरहेका बेला कार छिर्दा ९ जनाको मृत्यु

काठमाडौं- क्यानडाको भ्यानकुभरमा ' फेस्टिभल'को दौरान एउटा कार भिडमा परेपछि ९ जनाको मृत्यु भएको छ । प्रहरीका अनुसार घाइते हुनेहरुको विवरण आइसकेको छैन । स्थानीय बासिन्दाले लापु-लापु दिवसको उत्सव मनाइरहेका बेला यो घटना भएको हो ।

घटनास्थलमा रहेको एक फुड ट्रकका मालिकका अनुसार कार सिधै भिडमा प्रवेश गरेको थियो । ' यो निकै डरलाग्दो भएको थियो,' उनले बीबीसीलाई भनेका छन्, 'गाडी सिधा भिडभित्र गएको थियो ।'

भ्यानकुभर प्रहरीका अनुसार घटनामा संलग्न रहेको आरोपमा ३० वर्षीय स्थानीय व्यक्तिलाई नियन्त्रणमा लिइएको छ । हालसम्म घटनाको कारण भने स्पष्ट भइसकेको छैन । उक्त घटना आतंकवादी आक्रमण नभएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा पुष्टि भएको छ । उक्त व्यक्ति अर्कै परिस्थितिमा



प्रहरीले चिनिसकेका व्यक्ति थिए तर भ्यानकुभरका प्रहरी प्रमुखले उनको आपराधिक पृष्ठभूमि छ/छैन भन्नेबारे टिप्पणी गर्न नमिल्ने बताएका छन् ।

भ्यानकुभरमा हरेक अप्रिल २७ मा ' फिलिपिनो' समुदायले लापु-लापु दिवस मनाउने गरेको छ । लापु-लापु स्पेनिस उपनिवेशवादविरुद्ध आवाज उठाउने राष्ट्रिय नायक हुन् ।

पृष्ठ ५ बाट जारी
**लाप्राक...**

उनलाई भएको छ । 'सबै कुरा तलै गाउँमा छ तर पहिरोको डरले मात्र यहाँ आएर बस्नुपरेको हो,' खसमाया भन्छिन्, 'यहाँ छिमेकी कोही छैनन्, बोली मिसाउने मान्छे पाइँदैन, सुनसान छ । सबै बसे त रमाइलै हुन्थ्यो होला !'

गोदाम घर बने नमुना बस्ती

पुरानो गाउँको तुलनामा नयाँ बस्ती बसाइएको गुप्सीपाखा बढी हिउँ पर्ने र चिसो हुने ठाउँ हो । यसअघि यो ठाउँ चरन क्षेत्रको रुपमा प्रयोग हुन्थ्यो । पुस र माघ महिनामा बस्तीमा पानी पनि अभाव हुने गरेको स्थानीय बताउँछन् । पानी लिन घरबाट करिब आधा घण्टा पैदल हिँडेर जंगलतिर जानुपर्छ ।

त्यसैले स्थानीयले पुरानो गाउँ छाड्न नमानेको अर्का स्थानीय मार्सिङ गुरुङ बताउँछन् । मार्सिङका अनुसार लाप्राकको नमुना बस्तीका अधिकांश घर अहिले खाद्यान्न भण्डार गर्ने गोदामको रुपमा प्रयोग भएको छ । विशेष गरी स्थानीयले ती घरहरुमा आलु थन्क्याउने गरेका छन् ।

२०५६ सालदेखि नै पहिरोको जोखिममा रहेको लाप्राकको पुरानो गाउँमा २०७२ सालको भूकम्पले ६ सयभन्दा बढी घरमा क्षति पुगेको थियो । घरबारविहीन भएका लाप्राकी गुप्सीपाखा (हाल नयाँ बस्ती रहेको ठाउँ) मा पाल र टेन्ट टाँगेर बसेका थिए । नयाँ बस्ती निर्माणका लागि ठाउँ खाली गरिदिन उनीहरु पुरानै गाउँमा फर्किएर भूकम्पले क्षति पुगेको घर मर्मत गरेर बसेका थिए ।

२०७३ मंसिर ८ बाट गुप्सीपाखामा एकीकृत बस्ती निर्माणको काम सुरु भएको थियो । बस्ती निर्माणका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सहरी विकास मन्त्रालय र एनआएनएबीच २०७३ वैशाख १२ गते त्रिपक्षीय सम्झौता भएर काम अघि बढेको थियो ।

घर निर्माणका लागि स्थानीयले श्रमदान पनि गरेका थिए । आठ ट्याक्टर ढुंगा र ४० बोरा गिट्टी प्रत्येक स्थानीय आफैंले जुटाएका थिए । आवश्यक काठ आफैंले जोहो गरेका थिए । करोडौंको लागतमा एकीकृत नयाँ बस्तीमा घर बनाइसकेर गोलाप्रथाबाट घर छनोट पनि गरे । तर उनीहरुले नयाँभन्दा पुरानै घरलाई प्राथमिकता दिए ।

छैन बिजुलीको सुविधा

हाल करिब ५० घरधुरी मात्र नयाँ बस्तीमा बसिरहेका छन् । केहीले होटल र रेष्टुरेन्ट चलाएका छन् । ११ घरधुरी समेटेर होमस्टे पनि सञ्चालन गरिएको छ । तर उनीहरु बिजुलीको समस्या भोगिरहेको बताउँछन् ।

बस्तीमा गाडिएका पोलमा तार टाँगेको तीन वर्ष पुगिसक्दा पनि केन्द्रीय प्रसारण लाइनको बिजुली प्रवाह नभएको स्थानीय यामकुमारी गुरुङ गुनासो गर्छिन् । गुम्दा र बारपाकमा केन्द्रीय प्रसारणको लाइनबाट बिजुली बलिसक्दा पनि लाप्राकमा भने लापरबाही भएको उनको ठहर छ ।

'लाप्राकको नयाँ बस्तीमा अहिले लघु जलविद्युतबाट बिजुली बालिएको छ तर साँझपख पावर पुग्दैन,' नमुना बस्ती सामुदायिक होमस्टेकी कोषाध्यक्ष समेत रहेकी ज्योति गुरुङ भन्छिन्, 'साँझ परेपछि बत्ती धिपधिप गर्छ । वाइफाइ चलाउन पनि समस्या हुन्छ ।'

पृष्ठ १ बाट जारी
**युनिटी भ्वाइस...**

अतिथि माननीय रक्षामन्त्री मानवीर राई र अध्यक्ष यमबहादुर जिसीले संयुक्त रुपमा सम्मान गरेका थिए । कार्यक्रममा बोल्दै मन्त्रि राइले नेपालको राष्ट्रिय पत्रकारिता राजनीतिक दलहरूको आबद्धताबाट मुक्त हुनुपर्नेमा जोड दिएका थिए ।

उनले जनताको पक्षमा सही सूचना प्रवाह गर्ने हो भने पत्रकारिता दलगत भावनाबाट माथि उठ्न सके मात्रै जनताको पीडालाई सही ढङ्गबाट उजागर गर्नसकिने प्रस्ट परे । पूर्व राजा ज्ञानेन्द्र प्रति सकेतगर्दै उनले अब कुनै पनि हालतमा राजतन्त स्वीकार गर्ननसकिने बताए ।

कार्यक्रम संचालन महासचिव बिष्णु गिरीले गरेका थिए भने कार्यक्रमको संयोजक नागरिक क्रियसनका उपाध्यक्ष कविन्द्र त्रिपाठीले गरेका थिए । सम्मान र क्यालनडर बिमोचन पश्चात बद्री पराजुलीको संगतिक साझ कार्यक्रम सुरु भएको थियो ।

पृष्ठ १ बाट जारी
**नवलपरासी...**

उपाध्ययले बताए । गाउँपालिकाले पुलको हेरचाहका लागि नगरप्रहरी परिचालन गरेको उनले बताए ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुमलाल भुसालका अनुसार गाउँपालिकाले पुल सञ्चालन तथा रेखदेख गर्न गत वर्ष ठेक्का आह्वान गरे पनि अघि बढ्न सकेन । 'पन्ध्र महिनाका लागि रु ९ लाखमा ठेक्का आह्वान गरेका थियौं । कोहीको पनि निवेदन नपरेपछि पुन: आह्ह्वानको तयारी गरिरहेका छौं', उनले भने ।

रु २३ करोडको लागतमा नारायणी नदीमाथि पुल निर्माण गरिएको हो । उक्त पुलको लम्बाइ एक हजार पाँच सय ७१ मिटर र चौडाइ एक मिटर ६० सेन्टिमिटर रहेको छ ।


## वैदेशिक रोजगारमा जानुपूर्व ध्यान दिनुपर्ने कुरा

- श्रम स्वीकृती लिएरमात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारमा जाँदा गर्ने काम, लाग्ने खर्च र पाउने सेवा सुविधाको यकिन गरौं,
- वैदेशिक रोजगार व्यवसायीको आधिकारिकताका बारेमा सचेत बनौं,
- भिषा तथा श्रम स्वीकृतिको सुनिश्चिततापछि मात्र कानूनले तोकेबमोजिम र कम बुझाऔं र बुझाएको रकमको अनिवार्य भरपाई लिऔं,
- वैदेशिक रोजगारमा जाने देशको भाषा, संस्कृति, रीतिरिवाज र कानूनका बारेमा जानकारी प्राप्त गर्न अनिवार्य रुपमा अभिमूखीकरण तालिम लिऔं,
- सूचिकृत स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराऔं,
- नेपाल सरकारद्वारा स्वीकृत कम्पनीमा जीवन बीमा गराऔं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
विज्ञापन बोर्ड

# "झिल्को"ले डिजिटल कुलतको खतरा देखाउँछ : निर्देशक भट्टराई




काठमाडौं- नेपाली समाजमा विद्यमान कुरीति, कुप्रथा, कुसंस्कार जस्ता सामाजिक समस्यालाई फिल्ममार्फत उजागर गर्न सिपालु मानिन्छन्, निर्देशक यादव भट्टराई । 'झोला' र 'भोर' यसका प्रमाण हुन् । 'झोला'मा उनले नेपाली समाजमा एक समय विद्यमान सती प्रथालाई केन्द्रमा राखेर कथा भनेका थिए । 'भोर'मा मधेशी समुदायमा व्याप्त दाइजो प्रथाले निम्त्याएको घरेलु हिंसा र हत्याको कथा थियो ।

अब ६ वर्षपछि 'झिल्को'मार्फत निर्देशनमा फर्किएका भट्टराईले यसमा डिजिटल कुलतको भयावह अवस्थालाई देखाउन खोजेका छन् । डिजिटल प्रवृत्तिले मानिसको जीवनशैलीलाई कसरी विकृत र अस्तव्यस्त बनाइरहेको छ भन्ने यथार्थ चित्रण फिल्ममा गरिएको उनको भनाइ छ । डिजिटल कुलतले परिवारदेखि बालबालिकाहरूमा पारेको गम्भीर असरको कथा फिल्ममा रहेको उनले बताए ।

निर्देशक भट्टराई भन्छन्, 'हामीले डिजिटल कुलतलाई एकदमै सामान्य ठानिरहेका छौँ । तर, यसले आगोको झिल्को जस्तै विस्तारै हाम्रो आत्मा डढाइरहेको छ । 'झिल्को' यही खतरा देखाउने फिल्म हो ।' प्रविधिको अनियन्त्रित र असावधानीपूर्ण प्रयोगले बालबालिकाको भविष्य, पारिवारिक सन्तुलन र सामाजिक स्वास्थ्यमा असर पार्न सक्छ भन्ने सन्देश फिल्मले दिने उनको भनाइ छ ।

'झिल्को'ले दर्शकलाई आफ्नो गल्तीहरू पहिचान गरेर विवेकपूर्ण जीवनशैली अपनाउन प्रेरित गर्नेमा उनी विश्वस्त छन् । भन्छन्, 'फिल्म भनेको समाजको दर्पण र मार्ग निर्देशक हो । त्यसैले हामीले यो कथा उठान गर्नु आवश्यक ठानेका हौं । 'झिल्को' तपाइँ र तपाइँको परिवारको यथार्थसँग गहिरो रूपमा जोडिनेछ ।' उनका अनुसार फिल्मले एक बालिकाको डिजिटल लतको यात्रा भन्नेछ ।

यही बैशाख १९ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा सुनिल पोखरेल, वर्षा सिवाकोटी, आयुषी ढकाल, विशाल पोखरेल लगायतको अभिनय छ । रंगकर्मी समेत पोखरेलले १३ वर्षपछि फिल्म अभिनयमा पुनरागमन गरेका हुन् । यसमा उनले शिक्षकको भूमिका निभाएका छन् भने वर्षा आयुषीकी आमाको भूमिकामा छिन् । फिल्ममा दीपक बज्राचार्यको डीओपी छ ।

# "एक्लो"मा अन्तरिक्ष यात्री बनेकी दीया





काठमाडौं- प्रदर्शन मिति घोषणा नहुँदै फिल्म 'एक्लो'को श्रृंखलाबद्ध रुपमा क्यारेक्टर पोस्टर सार्वजनिक भइरहेका छन् । प्रदीप खड्का, बेनिशा हमाल र विजय लामापछि आइतबार मातातीर्थ औँसीको दिन पारेर अभिनेत्री दीया पुनको पनि क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ । पोस्टरमा उनलाई 'एस्ट्रोनट पुन'को रुपमा चिनाइएको छ । अर्थात् फिल्ममा उनी अन्तरिक्ष यात्रीको भूमिकामा छिन् ।

प्रदीप शाहीको निर्देशनमा बनेको फिल्ममा सुनील थापा, दिनेश डिसी, सुरज सिङ ठकुरी, कविता नेपाली, त्रिचु राई, कृष्णभक्त महर्जन, विकास अधिकरी, दिग्गज खत्री, विनोद सुवेदी 'क्षितिज', बाल कलाकार जेमिन श्रेष्ठ, स्योन सविक सिंह लगायतको पनि अभिनय छ । फिल्मको यतिबेला लण्डनमा पोस्ट प्रोडक्सनको काम भइरहेको छ । यो फिल्मको दोस्रो श्रृंखला पनि निर्माण हुनेछ ।

फिल्मको निर्माताहरूमा राजुकुमार गुरुङ, हरि श्रेष्ठ, विष्णु तामाङ, उत्सव विष्ट, भाइराजा थापा, नवीन सिवा, बागवीर पुन छन् । कार्यकारी निर्माता विनोद सुवेदी 'क्षितिज' हुन् । बाबु श्रेष्ठको छायाङ्कन रहेको फिल्ममा राजु तामाङको द्वन्द्व निर्देशन, राजु पेन्टरको सेट डिजाइन तथा सन्तोष लामाको कला निर्देशन छ । फिल्मलाई यस वर्ष (२०८२)को अन्त्यसम्म प्रदर्शन गर्ने लक्ष्य राखिएको छ ।

# २२५ वर्षअघिको कथामा बनेको "जार"




काठमाडौं- साहित्यकार इन्द्रबहादुर राईको सबैभन्दा बढी पढिएको र रुचाइएको कथा हो, 'जार : भएकै एउटा कथा ।' विश्वविद्यालयको सन्दर्भ सामग्रीदेखि रंगमञ्च (नाटक) हुँदै अब यो कथामा फिल्म समेत बनेको छ, जुन बैशाख २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । फिल्मको कथा जार संस्कृतिमा आधारित छ । भागेर अर्को विवाह गरेकी स्त्रीको पहिलो पतिले नयाँ चाहिँलाई भन्ने शब्द जार हो ।

'जार'को कथा २२५ वर्ष अगाडिको हो । अर्थात् सन् १८ सय दशकको । त्यसबेला नेपाली समाजमा घटेको यथार्थ घटनालाई कथामा समेटिएको छ । त्यसैले 'जार'को कथा २२५ वर्ष पुरानो भन्न मिल्ने निर्देशक फूर्वा छिरिङ लामाको भनाइ छ । फिल्मले इतिहाससँग साक्षात्कार गराउने र समाजमा हराउँदै गएका परम्परा र सम्बन्धका विविध पाटो देखाउने उनी बताउँछन् ।

'मैले सानैदेखि सुन्दै आएको यो कथाले सधैं झकझक्याउँथ्यो । नेपाली समाजमा जस्तै नेपाली भाषी समुदाय जहाँ गए पनि एउटै भावना पाइन्छ,' उनी भन्छन्, 'यसले हाम्रो समाजको भोगाइ, निर्दोषता र त्यतिबेला प्रचलित मितेरी साइनोलाई पनि उजागर गर्छ ।'

'जार'ले इतिहास, संस्कृति र समाजलाई स्पर्श गर्ने भएकाले युवा पुस्तामा समेत प्रभाव पार्ने विश्वास निर्देशक लामाको छ । उनी अगाडि भन्छन्, 'हालका पुस्तामा मितेरी साइनो जस्ता विषय केही ओझेलमा परे पनि त्यसबेलाको समाजमा यसको ठूलो प्रभाव थियो । 'जार' केवल इतिहास सुनाउने माध्यम मात्र होइन, हाम्रो संस्कृतिको अदृश्य धागो भेटाउने प्रयास पनि हो ।'

फिल्मले प्रेमकथामार्फत तत्कालीन समाजको संरचना र मानव भावनाको जटिलतालाई देखाउने उनको भनाइ छ । 'कथाका पात्र 'ठूली' र 'रुद्रमान' मार्फत दर्शकले त्यसबेलाको प्रेम, सम्बन्ध र समाजको कठोर वास्तविकता देख्न पाउनेछन् । 'जार'ले आजका दर्शकलाई पुरानो समाज र आजबीचको गहिरो सम्बन्ध बुझ्न मद्दत पुऱ्याउनेछ,' उनले भने ।

फेरि टेल पिक्चर्सले निर्माण गरेको फिल्ममा सौगात मल्ल, अनुपविक्रम शाही, गीताञ्जली थापा (भारतीय अभिनेत्री) लगायतको मुख्य भूमिका रहेको छ । फिल्मको कार्यकारी निर्मातामा त्रिलोचन पाण्डे, नीरज राई, नुर्साङ भुटिया, ज्योती क्षेत्री र पेमा रिन्जिङ लेप्चा छन् । सरवानन इलावार्सुको डीओपी रहेको फिल्ममा अखिलेश राईको सम्पादन तथा झुमा लिम्बू र गंगा थापाको संगीत छ ।

# मातातीर्थ औसीमा "महाभोज"को भावनात्मक भिडियो सार्वजनिक

काठमाडौं- आगामी जेठ १५ गते (गणतन्त्र दिवस)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'महाभोज'को मातातीर्थ औँसीको दिन पारेर एउटा भावनात्मक भिडियो सार्वजनिक गरिएको छ । भिडियोमा अभिनेता दयाहाङ राई र अभिनेत्री वसुन्धरा भुसालबीचको मनछुने संवाद समावेश छ । वसुन्धरा दिवंगत छोरालाई सम्झिँदै भावुक हुँदा दयाहाङले आफ्नो आमाजस्तै सधैं माया गर्ने भाव व्यक्त गरेका छन् ।

दिनेश राउतको निर्देशनमा तयार भएको फिल्ममा दयाहाङ र वसुन्धरासहित आर्यन सिग्देल, खगेन्द्र लामिछाने, अञ्जना बराइली, गौमाया गुरुङ, मलिका महत, वसुन्धरा भुसाल, मोहन निरौला, बुद्धि तामाङ, कमलमणि नेपाल, पुष्कर गुरुङ, विनोद न्यौपाने, वीरेन्द्र सिंह कुशवाह लगायतको अभिनय छ । फिल्ममा विकास सुवेदीको लेखन छ ।

नेपाली समाजमा विद्यमान वर्ग सङ्घर्ष र



दृश्यमा वसुन्धराले दयाहाङलाई केही रकम दिन्छिन्, जसलाई दयाहाङले हल्काफुल्का शैलीमा गर्दै 'खाइदिन्छु' भन्छन् । त्यसपछि वसुन्धराले उनलाई इमानदार भएको भन्दै विश्वास प्रकट गर्छिन् । भिडियो अनुसार उक्त रकम सहकारीमा जम्मा गर्न दिइएको बुझिन्छ । अघिल्लो साता सार्वजनिक टिजरबाट दयाहाङ सहकारीको अध्यक्षको भूमिकामा रहेको खुलिसकेको छ ।

पैसाले सिर्जना गर्ने पारिवारिक, सामाजिक तथा नैतिक दबाबको यथार्थ चित्रण 'महाभोज'मा रहेको निर्देशक राउतको भनाइ छ । उनका अनुसार फिल्म पात्रहरूको आफ्नै अस्तित्व र आत्मसम्मानको लडाइँमा केन्द्रित छ । फिल्मको निर्मातामा हिमाल कडरिया तथा कार्यकारी निर्मातामा किरण नेपाली छन् । राजेश श्रेष्ठको फिल्ममा छायांकन रहेको छ ।

# "व्हाइट"मा रविशंकरको भूमिका निभाउँदै विक्रान्त

'टुवेल्थ फेल'का अभिनेता विक्रान्त मेसीले गत डिसेम्बरमा फिल्मबाट ब्रेक लिने घोषणा गरेका थिए । सन् २०२५ मा अन्तिम पटक भेट्ने उनको उद्घोष थियो । तर, अभिनयबाट विश्राम लिने घोषणा पश्चात पनि उनले एकपछि अर्को फिल्म सम्झौता गरिरहेका छन् । यो बीचमा 'यार जिगरी' र 'आँखों की गुस्ताखियाँ' फिल्मको छायांकन भ्याइसकेका उनी अब नयाँ फिल्ममा जोडिएका छन् ।

विक्रान्तले ग्लोबल थ्रिलर फिल्म 'व्हाइट'मा काम गर्न लागेका हुन् । यसमा उनले भारतको प्रख्यात गैर-नाफामुलक मानवतावादी संस्था द आर्ट अफ लिभिङ फाउण्डेशनका संस्थापक तथा चर्चित आध्यात्मीक गुरु श्री श्री रविशंकरको भूमिका निर्वाह गर्न लागेको जनाइएको छ । यसका लागि उनले तौलदेखि दाह्री-कपालसम्म बढाएका छन् भने रविशंकरसँग केही पटक भेट गरिसकेका छन् ।

मन्टू बासीको निर्देशन रहने 'व्हाइट' एफएआरसी र कोलम्बिया सरकारबीच ५२ वर्षसम्म चलेको सिभिल वारको कथामा आधारित भएर बन्न लागेको हो । यो युद्धलाई सुल्झाउन धर्मगुरु रविशंकरले महत्त्वपूर्ण भूमिका खेलेका थिए । यतिबेला फिल्मको प्रि-प्रोडक्सनको सम्पूर्ण काम कोलम्बियामै भैरहेको छ । छायांकन भने आगामी जुलाईदेखि सुरु गर्ने तयारीमा निर्माण टिम रहेको छ ।

'व्हाइट'पछि विक्रान्तले निर्देशक फरहान अख्तरको फिल्म 'डन ३'मा पनि काम गर्न लागेको चर्चा छ । यद्यपि, यसको स्वतन्त्र पुष्टि भइसकेको छैन । 'टुवेल्थ फेल'बाट अविश्वसनीय लोकप्रियता हासिल गरेका उनको पछिल्लो फिल्म 'द साबरमती रिपोर्ट' पनि बक्स अफिसमा सफल भएको थियो । तर, गत वर्ष अचानक फिल्मबाट विश्राम लिने घोषणा गरेपछि उनका प्रशंसक स्तब्ध बनेका थिए ।

# निखिलको "आचार्य"बाट फिल्ममा डेब्यु गर्दै उषा



म्यूजिक भिडियोबाट उदाएका कलाकारहरूको फिल्ममा आगमन बढिरहेको समयमा अब पालो मोडल उषा उप्रेतीको आएको छ । उनले फिल्ममा डेब्यु गर्ने भएकी छन् । अभिनेता निखिल उप्रेतीको निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'आचार्य'बाट उनको डेब्यु पक्का भएको हो । उनले शुक्रबार निखिलसँगको एक तस्वीर फेसबुकमा सेअर गर्दै नयाँ यात्रा थालनी भएको उल्लेख गरेकी छन् ।

उनी फिल्ममा कसको जोडी बनेर देखिनेछिन् भन्ने खुलिसकेको छैन । पहिलो फिल्मलाई लिएर निकै उत्साहित देखिएकी उनलाई यतिबेला सामाजिक सञ्जालमा बधाईको ओइरो लागेको छ । दर्जनौं म्यूजिक भिडियोमा अभिनय गरिसकेकी उनलाई यसअघि पनि केही फिल्मबाट प्रस्ताव पुगेको थियो । तर, डेब्युका लागि हतार नगरेकी उषा अब 'आचार्य'मार्फत फिल्ममा भाग्य अजमाउँदैछिन् ।

एक्सनप्रधान रहने 'आचार्य'मा निखिल स्वयं मुख्य भूमिकामा देखिँदैछन् भने उनकी श्रीमती तथा अभिनेत्री सञ्चिता लुइँटेलको पनि अभिनय रहनेछ । यसपटक फिल्ममा फरक शैलीको एक्सन पस्किने तयारीमा निखिल छन् । प्याराग्लाइडिङबाट स्टन्ट गरेको दृश्य फिल्ममा समावेश गरिँदैछ । त्यसका लागि निखिलले साउथका एक्सन कारियोग्राफरलाई अनुबन्ध गरिसकेको स्रोत बताउँछ ।

तीन महिनाअघि निखिलले एक अन्तर्वार्तामा नयाँ फिल्मको छायांकन आगामी जेठबाट सुरु गर्ने बताएका थिए । उनले भनेका थिए, 'म जेठबाट नयाँ फिल्मको छायांकन गर्छु होला । यो द्वन्द्व (एक्सन)मा आधारित फिल्म हुनेछ । यसको मतलब फिल्ममा सिर्फ द्वन्द्व छैन । पहिला चाहिँ म सिर्फ द्वन्द्व गर्थें । र, मैले गर्ने द्वन्द्वमा कथा हालिन्थ्यो । अब मैले बनाउने फिल्मको कथामा चाहिँ द्वन्द्व हुन्छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३६, २०८२ साल बैशाख १६ गते मंगलबार (APR 29, 2025)

# यामाहाद्वारा काठमाडौं उपत्यकाभरि उत्साहजनक एक्सचेन्ज अफरको घोषणा




काठमाडौं- यामाहा नेपालले काठमाडौं उपत्यकाका दुई-पांग्रे सवारी साधन पारखीकालागि नयाँ र रोमाञ्चक एक्सचेन्ज अफर ल्याएको छ।

यो अफर २०८२ बैशाख १४ गतेदेखि १९ गतेसम्म उपत्यकाभरिका सबै आधिकारिक शोरूमहरूमा लागु हुनेछ। यामाहा ब्लु फेस्टको भव्य सफलतापछि कम्पनीले फेरि एकपटक ग्राहकहरूलाई एक्सचेन्ज र उत्सवको अवसर प्रदान गरेको हो।

यो सीमित अवधिको अफरमा ग्राहकहरूले निम्न फाइदाहरू लिन सक्नुहुन्छ:

जुनसुकै ब्राण्डको पुरानो सवारी साधनमा न्यूनतम रु.२५,००० को भ्यालुएसन कर चुक्ताको प्रमाणपत्र अनिवार्य।

एक्सचेन्ज भ्यालु अझ बढाउन थप रु. १०,००० को अतिरिक्त भ्यालुएसन।

धरौटी बिना नै सजिलो फाइनान्सिङ सुविधा।

यामाहा लिन अहिलेसम्मकै सहज बनाउन केवल ७.९९५ व्याजदरमा सस्तो किस्ताबन्दी सुविधा।

Thrill या ३ अफर अन्तर्गत रु. १ लाखसम्मको स्योर शट छुट।

उपहारमा हेल्मेट, लेग गार्ड, फुट म्याट, स्पोर्ट्स ब्याग र बाइक कभर जस्ता निःशुल्क एसेसरिजहरू।

यामाहाका भर्साटायल र डाइनामिक मोडलहरूले हरेक प्रकारका चालकहरूको लागि उपयुक्त रोजाइ सुनिश्चित गर्दछ।

हाइ-माइलेज र स्मार्ट पर्फर्मेन्सका लागि डिजाइन गरिएको RayZR १२५FI Hybridदेखि लिएर रेसिङ पारखीहरूबीच लोकप्रिय बनेको स्पोर्टी र आक्रामक R१५ सम्म, यामाहाको मोडलहरू फरक फरक आवश्यकता अनुसार उपलब्ध छन्।

बलियो स्ट्रीट फाइटर लुक्स चाहनेहरूका लागि शक्तिशाली MT–१५ V२ उपयुक्त विकल्प हुन सक्छ भने, १५५ सिसी इन्जिन र लिक्विड कुलिङ प्रविधि सहितको Aerox १५५ ले बिल्कुलै नयाँ खालको स्पोर्टी स्कूटरको अनुभव दिन्छ।

अफ-रोड साहसिक यात्राका लागि अत्यन्तै कडा र भरपर्दो बनावटको WR १५५R तयार छ। त्यस्तै, दैनिक सवारीका लागि स्टाइल, पर्फर्मेन्स र लक्जरीको उत्कृष्ट संयोजन चाहनेहरूका लागि FZ–S V३आदर्श विकल्प हो, जसमा यामाहाको विश्वासिलो ब्लु कोर प्रविधि र मस्कुलर स्ट्रीट डिजाइन समावेश गरिएको छ।

# डिपल इभी किन्न चाहनेका लागि ‘अनमिसेबल प्रि-बजेट अफर’, यस्तो छ सुविधा




काठमाडौं- नेपालका लागि डिपल इभीको आधिकारिक विक्रेता एमएडब्लू वृद्धि अटोकर्पले आकर्षक अफरसहित ‘अनमिसेबल’ प्रि-बजेट स्किम घोषणा गरेको छ।

कम्पनीले आगामी आर्थिक वर्षको बजेटलाई लक्षित गरी ‘अनमिसेबल प्रि-बजेट अफर’ ल्याएको हो। बजेट जेठ १५ गते सार्वजनिक हुन्छ। कम्पनीले ४५ दिनका लागि अफर ल्याएको हो।

बजेटमार्फत करका दर हेरफेर हुन सक्ने भएकाले ग्राहकका लागि नयाँ अफर ल्याएको कम्पनीले जनाएको छ। कम्पनीका अनुसार नयाँ अफरमा अहिलेसम्मकै धेरै नगद छुटका साथै पुरानो गाडीमा एक्सचेञ्ज बोनसको व्यवस्था छ।

ग्राहकले आर्थिक वर्ष २०८२/८३ को सडक कर तिर्नँपर्दैन। कम्पनीले नै तिर्नेछ। यस्तै कम्प्रिहेन्सिभ अटो प्लस बीमाको व्यवस्था रहेको कम्पनीले जनाएको छ। गाडी किन्न चाहनेले २० प्रतिशत डाउनपेमेन्टममा ८.९९ प्रतिशत ब्याजदरमा ऋण पाउनेछन्।

यो अफरमा ग्राहकले ७ किलोवाटको वाल चार्ज र ३ किलोवाटको ट्राभल चार्जर निःशुल्क पाउनेछन्। बजारमा इभीमा कर बढ्ने हल्ला फैलिरहेका बेला आकर्षक अफरसहित पुरानो मूल्यमा डिपल इभी खरिद गर्न यो अन्तिम मौका हुनसक्ने कम्पनीले जनाएको छ।

# महिन्द्राले एसएमएल इसुजुको ५८.९६% सेयर किन्ने, सार्वजनिक सेयर लिन खुला प्रस्ताव ल्याउने

काठमाडौं- सवारी निर्माता भारतीय कम्पनी महिन्द्रा एण्ड महिन्द्रा लिमिटेड (एमएन्डएम)ले ठुला गाडीहरु उत्पादनका लागि एसएमएल इसुजु लिमिटेडको ५८.९६ प्रतिशत सेयर किन्ने सम्झौता गरेको घोषणा गरेको छ।

प्रति सेयर ६५० भारुमा खरिदबिक्रीको सम्झौता भएको महिन्द्राले आइतबार विज्ञप्तिमार्फत जानकारी दिएको छ।

सम्झौताअनुसार एम एन्ड एमले एसएमएलमा ५५५ करोड भारु लगानी गर्न लागेको हो। यसका अतिरिक्त एमएन्डएमले सेबी टेकओभर नियमावलीअनुसार खुला प्रस्ताव पनि ल्याउने जनाएको छ।

महिन्द्राले ३.५ टनभन्दा बढी तौल क्षमता भएका व्यावसायिक सवारीसाधन (सीभी) को बजारमा आफ्नो उपस्थिति मजबुत बनाउनका लागि यो टेकओभर गर्न लागेको बताएको छ। हाल एमएन्डएमको यो सेगमेन्टमा ३ प्रतिशत बजार हिस्सा छ।

त्यस्तै, ३.५ टनभन्दा कम तौल भएका हल्का व्यावसायिक सवारी साधन (एलसीभी) बजारमा कम्पनीको हिस्सा ५२ प्रतिशत छ। एमएन्डएमको ट्रक तथा बस डिभिजनले पछिल्ला केही वर्षहरूमा उल्लेखनीय प्रगति गरेको जनाएको छ।

यो टेकओभरपछि कम्पनीको बजार हिस्सेदारी ६ प्रतिशत पुग्नेछ। कम्पनीका अनुसार आर्थिक वर्ष २०३१ सम्म १० देखि १२ प्रतिशत पुर्‍याउने र २०३६ सम्म २० प्रतिशतभन्दा माथि पुर्‍याउने योजना छ।

एसएमएल आइसुजु लिमिटेड सन् १९८३ मा स्थापना भएको सूचीकृत कम्पनी हो। ट्रक र बसको सेगमेन्टमा यसको देशव्यापी हिस्सा राम्रो छ भने ब्रान्ड पहिचान पनि उत्कृष्ट छ। एसएमएलको विशेषगरी इन्टरमिडियट एण्ड लाइट कमर्सियल भेहिकल (आईएलसीभी) बस खण्डमा १६ प्रतिशत बजार हिस्सा छ।

एसएमएसले आर्थिक वर्ष २०२४ मा २ हजार १९६ करोड भारुको आम्दानी गरेको छ भने १७९ करोड रुपैयाँको ईबिट्डा रिपोर्ट गरेको छ। कम्पनी लाभदायी ढंगले सञ्चालनमा छ।

एसएमएलसँग लागत, नेटवर्क, ब्रान्ड, निर्माण, जनशक्ति र उत्पादनमा हुने सहकार्यबाट ठूलो मूल्य सिर्जना गर्ने सम्भावना छ। एमएण्डएमको ट्रक र बस व्यवसायले प्रविधि, डिजाइन, नवप्रवर्तन र आफ्नै अटो व्यवसायबाट स्रोतको राम्रो प्रयोग गर्दै बलियो उपस्थिति बनाएको छ।




‘यी दुवै कम्पनीको संयुक्त शक्ति एक शक्तिशाली संयोजन बन्नेछ,’ एमएन्डएमले विज्ञप्तिमा भनेको छ।

खरिद सम्झौताअनुसार नै एमएन्डएमले एसएमएलको प्रवर्तक सुमितोमो कर्पोरेशनद्वारा राखिएको ४३.९६ प्रतिसत सेयर र सार्वजनिक सेयरधनी आइसुजु मोटर्स लिमिटेडको १५ प्रतिशत सेयर पनि किन्नेछ। यी सेयरको कुल मूल्य ५५५ करोड भारु हुनेछ।

यसबाहेक, एमएन्डएमले सेबी टेकओभर नियमअनुसार योग्य सार्वजनिक सेयरधनीहरूसँग २६ प्रतिशत सेयर अधिग्रहण गर्न खुला प्रस्ताव ल्याउने बताएको छ।

महिन्द्रा ग्रुपका ग्रुप सीइओ तथा एमडी डा. अनीश शाहले एसएमएल आइसुजुको अधिग्रहण महिन्द्रा समूहको नयाँ व्यवसायहरूमा ५ गुणा वृद्धिको लक्ष्यप्रति एक महत्त्वपूर्ण पाइला भएको बताए।

उनले भने, ‘यो अधिग्रहण हाम्रो पुँजी विनियोजन रणनीतिसँग मेल खान्छ, जसमा हामी उच्च सम्भावना भएका वृद्धिशील क्षेत्रहरूमा लगानी गर्छौं। यस्ता क्षेत्रमा हाम्रो जितको सम्भावना बलियो छ र संचालन उत्कृष्टता देखिएको छ।’

महिन्द्रा एण्ड महिन्द्राका कार्यकारी निर्देशक तथा अटो र फार्म क्षेत्रका सीइओ राजेश जेझुरीकरले एसएमएलसँग बलियो इतिहास, विश्वासिलो ग्राहक आधार र महिन्द्राका हालका ट्रक तथा बस उत्पादनहरूलाई पूरक हुने उत्पादन पोर्टफोलियो रहेको बताए।

‘यो अधिग्रहण हामीलाई व्यावसायिक सवारी साधन बजारमा पूर्ण दायराको बलियो प्रतिस्पर्धी बनाउने दिशामा एक निर्णायक पाइला हो। यसले बजार दायरालाई विस्तार, प्लेटफर्म एकीकरणबाट संचालन लागत घटाउने, आपूर्तिकर्ता तथा वितरण सञ्जाललाई एकीकृत गर्ने र कारखाना उपयोगलाई बढाउने अवसर प्रदान गर्छ। हामी मिलेर द्रुत विस्तार र लाभदायक वृद्धि गर्न सक्षम हुनेछौं,’ उनले भने।

खुला प्रस्ताव पनि समावेश भएको यस सम्झौता प्रतिस्पर्धा आयोग भारत (सीसीआई) को स्वीकृतिपछि सेबी टेकओभर नियमअनुसार २०२५ भित्र टुंगो लाग्ने अपेक्षा गरिएको छ।

कोटक इन्भेस्टमेन्ट बैंकिङ सम्झौतामा एमएन्डएमको वित्तीय सल्लाहकार तथा खुला प्रस्ताव व्यवस्थापक रहनेछ। यसमा खेतान एण्ड कम्पनी एमएन्डएमको कानुनी सल्लाहकार रहनेछ।

# राष्ट्र बैंकले मनायो ७०औं वार्षिकोत्सव, कामु गभर्नरले औंल्याइन् अर्थतन्त्रका चुनौती

काठमाडौं- नेपाल राष्ट्र बैंककी कायममुकायम गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले निजी क्षेत्रमा अपेक्षाजनक रुपमा कर्जा प्रवाह हुन नसक्नु अहिलेको मुख्य चुनौती भएको बताएकी छन्।

उनले आइतबार राष्ट्र बैंकको ७०औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा निजी क्षेत्रमा कर्जा प्रवाह सुस्त हुनु र सरकारले पुँजीगत बजेट खर्च गर्न नसक्नु अर्थतन्त्रका लागि चुनौतीको रुपमा रहेको बताएकी हुन्।

‘अर्थतन्त्रले विस्तारै लय लिइरहेको छ। आयात निर्यात बढिरहेको छ। तर उच्च तरलता एवम् न्यून ब्याजदरका बाबजुद निजी क्षेत्रतर्फ प्रवाहित कर्जा एवम् आन्तरिक मागमा अपेक्षित सुधार हुन नसक्नु, पुँजीगत खर्च अपेक्षित रूपमा बढ्न नसक्नु र सञ्चालनमा रहेका परियोजनाहरू समयमै सम्पन्न हुन नसक्नु जस्ता चुनौती कायमै छन्,’ उनले भनिन्, ‘आन्तरिक अर्थतन्त्रमा संरचनागत एवम् व्यवस्थापनजन्य विषयहरूको सम्बोधन अत्यावश्यक भएको छ।’

नेपाल राष्ट्र बैंक
असतो मा सद्गमय।

## वित्तीय चेतनाको लागि नेपाल राष्ट्र बैंकको अनुरोध

- **Online Betting, क्रिप्टोकरेन्सी वा त्यस्तै प्रकारका गैरकानुनी उपकरणमा लगानी नगरौं, यो गैरकानुनी कार्य भएकोले त्यस्ता कारोवार गर्नेलाई कानुनी कारवाही हुन्छ।**
- **इन्टरनेट बैंकिङ, मोवाइल बैंकिङ, मोवाइल वालेट, बैंक वा वित्तीय संस्थामा रजिष्टर गरिएका इमेलका साथै, आफ्ना उपकरणमा राखिएका पासवर्ड/पिनकोड आदि समय समयमा परिवर्तन गर्ने गरौं।**
- **फेसबुक वा अन्य सामाजिक सञ्जालमार्फत चिनजान र सम्बन्ध स्थापित गरी उपहार पठाइदिने बहानामा तपाइको व्यक्तिगत विवरण, बैंक खाता नम्बर माग्ने, छिटो पैसा कमाउने तरिका सिकाउने जस्ता लिङ्क, म्यासेज एवम् विज्ञापनहरू ठगीको उद्देश्यले सञ्चालन गरिएका हुन्, त्यसमा विश्वास नगरौं।**
- **तपाईलाई चिठ्ठा परेको वा उपहार पाउनु हुने भयो भन्ने लोभ लालच देखाई फोन गर्ने वा मेसेज पठाइ करवापतको रकम कुनै खातामा पठाउन लगाउने, कुनै लिङ्कमा लाइक गर्न वा सेयर गर्न लगाई ठगी गर्ने वित्तीय ठगहरूसँग सतर्क रहौं, नकिनेको चिठ्ठा कहिले पनि पर्दैन।**

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार